# ASSOCIATION OF NEPALIS IN THE AMERICAS
# (ANA – 1983)




## ए. एन. ए. का उपाध्यक्ष स्व. डा. दुर्गा दाहालमा समर्पित

# ANA SANDESH

*April 2021*

**A Quarterly Publication**
**Association of Nepalis in the Americas (ANA)**

# ANA Board of Trustees







ASSOCIATION OF NEPALIS IN THE AMERICAS (ANA)–1983
EXECUTIVE COMMITTEE (2021 – 2023)
Bijay Raj Bhattarai, President
Bijaya Shrestha
Sr. Vice President
Dr. Tulsi Dharel
Vice President, Canada
Shailendra Khatri
Vice President (ER)
Thala Raj Panta
Vice President (CR)
Bhakta Thapa
Vice President (WR)
Dr. Choodamani Khanal
General Secretary
Binaya Gautam
Joint Secretary
Dr. Usha Sharma
Treasurer
RK Dhamala
Joint-Treasurer
Satish Tripathi
Communication Director
Laxman Pradhan
Youth Coordinator
Dr. Pragati Ghimire
Women Coordinator
EXECUTIVE MEMBERS
Rajendra Khatiwada
Arun Rupakheti
Binod Tripathy
Kishor Sapkota
Rajendra Wagle
Dr. Tika Lamsal
Krishna Kusum
Samita Rai
Dhruw K. Jha
Keshab Gyawali
Nijananda Malla
Rokesh Gurung
Dr. Bishnu Ghimire
Raju Joshee
Madhab Bastakoti


Late Dr. Durga Dahal
Vice President (Western Region)
You are always in our hearts!

# ANA Sandesh

*(Volume 38, Number 1, April 2021)*

## Table of Contents


| Items | Author | Page No. |
|---|---|---|
| ANA Board of Trustees, | The Editor | 2 |
| ANA Executive Committee | The Editor | 3 |
| President's Message | Bijaya Raj Bhattarai | 5 |
| Editorial | Dr. Chooda Mani Khanal | 6 |
| भुल्नै नसकिने यादहरु | Khagendra Adhikari | 8 |
| In Memory of Dr. Durga Dahal | Dr. Ambika Prasad Adhikari | 10 |
| ऊर्जाशील दुर्गा दाइ | Prakash Poudel 'Maila' | 11 |
| झलझली आँखामा दुर्गा दाई! | Goverdhan Pooja | 13 |
| डा. दुर्गा दाहाल प्रति भावपूर्ण श्रद्धाञ्जली | Mukunda Dhungana | 15 |
| भावपूर्ण श्रद्धाञ्जली | Puru Subedi | 15 |
| सम्झनामा डा. दुर्गा दाहाल | Padam Biahwakarma | 16 |
| डा. दुर्गा दाहालको सम्झनामा | Dr. Tulsi Dharel | 17 |
| ए.एन.ए का पश्चिम क्षेत्रीय उपाध्यक्ष | Tirtha Pandey | 18 |
| Prof. Dr. Durga Dahal: A Tribute | Mohan Sitoula | 19 |
| पहिलो भेट नै अन्तिम भेट | Sharada Pathak 'Kewal" | 21 |
| स्वर्गीय कविको छबि | Teertha Raj Adhikari | 22 |
| केही अपुरा इच्छा र अनुभवका | Radhika Guragain | 24 |
| डा. दुर्गा दाहाल: एक संस्मरण | Don Bahadur Karki | 26 |
| Tribute to Durga Sir | Medini Adhikari | 27 |
| अन्तिम पातो, तस्विर आफैं बोल्छ | The Editor | 28 |


***Disclaimer: Articles published in this issue of ANA Sandesh are the personal thought of the Authors. The Publication Committee is not responsible for it's content.***

President's Message

# हार्दिक श्रद्धाञ्जली दुर्गा सर



**विजयराज भट्टराई**
अध्यक्ष, ए.एन.ए.

मेरो मन र मष्तिस्कको विचमा बेलाबेलामा उल्झन आइरहन्छ। कहिले मनले जित्छ, कहिले मस्तिष्कले। यस्ता दिनहरु जीवनमा धेरै कम आउछन जुन दिन मन र मष्तिस्क दुवै हार्दछन। त्यस्तै नचाहेको दिनहरु मध्येको एक दिन रह्यो २०२१, ८ जनवरी।

एशोशिएशन अफ नेपलिज इन द अमेरिकाज (ए.एन.ए.) को निर्वाचित २०२१-२०२३ कार्यकारिणी समितिले २०२१ को जनवरी ३ मा पद तथा गोपनियताको सपथ गर्दा हामी निकै उत्साहित थियौ। हाम्रो उत्साहमा अझ सुगन्ध थप्दै पश्चिम क्षेत्रीय उपाध्यक्ष डा. दुर्गा दाहालले म संगको लामो कार्यगत परिचय र त्यसले उहाँमा म प्रति जमाएको आत्मविश्वासको बखान गर्दै ए.एन.ए.ले अर्को उचाई लिनेमा आफू ढुक्क रहेको कुरा राख्नुभयो।

प्राय:सवै बक्ताहरुका मप्रतिका अपेक्षाहरुले ममा जिम्मेवारी थपिरहेको थियो र मन-मष्तिस्कमा आउदा चुनौतीहरुको बारेमा सोचिरहेका थिए। लामो समयसंगै काम गरेको कमिटी भित्रको पाको अग्रज र सामाजिक,राजनैतिक र साहित्यिक सवै विधामा उत्तिकै चासो राख्ने बौद्दिक व्यक्तित्वका हिसावले पनि डा. दाहालसंग मेरा कुराकानीहरु भैरहन्थे।

उहाँ संग मेरो पहिलो कुराकानी सन २०१५ को डिसेम्बरमा नेपाली समाज टेक्सासको निर्वाचनको क्रममा भएको थियो। डालास लामो समय बसेर सर्नु भएको रहेछ उहाँ। मलाई केही सुझाव र सल्लाह दिन उहाँले नै सम्पर्क गर्नुभएको थियो। त्यस अघि मलाई उहाको बारेमा खासै जानकारी थिएन।

एजेण्डा अनुसार उहाँ कहिले निकै रसिलो र कहिले निकै खरो दुवै स्वभावको हुनुहुन्थ्यो। उहाँसंग सन २०१७-२०१९ ए.एन.ए. कार्यकारीणी समितिमा म महासचिव र उहाँ कम्युनिकेशन डाइरेक्टर भएपछि हाम्रो मित्रता र आत्मीयता निकै बढ्यो। त्यसपछि सन् २०१८ मा नेपाली नेशनल कन्भेन्सन शिकागोमा हाम्रो पहिलो भेट भएको थियो। ए.एन.ए.को आगामी यात्राको बारेमा छलफल गर्न सन २०२१ जनवरी ६ को साँझपख भएको हाम्रो कुरा नै हाम्रो अन्तिम कुरा बन्यो।

पदभार ग्रहण गरेको १ हप्ता पनि नबित्तै संस्थाको उपाध्यक्षलाई गुमाउनु परेको पीडा सवैलाई भए पनि अध्यक्षको जिम्मेवारीले मलाई केही दिनहरु एक्लो बनायो। लामो यात्रा तय गरेको एक कमिटीको जुझारु व्यक्तित्व अकस्मात भौतिक संसारबाट बिदा भएको सुन्दा विश्वास लाग्ने कुरै थिएन तर यथार्थ स्वीकार्नुको बिकल्प थिएन।

जनवरी ९ शनिवार बिहान ए.एन.ए. को बैठक थियो। ७ तारिक दिउसो महासचिव डा. चुडामणि खनालले सवैलाई खवर गरेको तर डा. दाहालको फोन/म्यासेन्जर दुवैमा रेस्पोन्स नपाएको बताउनुभयो। फोनमा निकै एक्टिभ उहाँलाई मैले पनि फोन/म्यासेन्जरमा कल गरें। रेस्पोन्स आएन, टेक्स्ट लेखे त्यैपनि रेस्पोन्स आएन। यस अघि यस्तो कहिले भएको थिएन।

"हिजो जनवरी ७ मा अचानक सनफ्रान्सिस्को, क्यालिफोर्निया स्थित घरमै रहेको बेला एक्कासी छातीमा पीडा भएर अस्पताल भर्ना हुनुभएको र आज जनवरी ८ को मध्यान्हमा स्वर्गारोहण भएको खवर सुने" भनेर एकजना दाईले अरुलाई नसुनाउने शर्तमा मलाई सुनाउनुभयो। मनले स्वीकार्नै मानेन, म निकै बेचैन भए। सनफ्रान्सिस्कोमा चिनेका एक दर्जन साथीसंगीहरु कुरा गरे, दुर्गा सरको नाम जोडेर कुराकानी गरे तर कसैलाई थाहा भएको रहेनछ।

अनि दुई जनालाई दुर्गा सर निकै बिरामी हुनुभएछ एक्कासी, के भएको हो बुझिदिनुपर्यो भनेर जबर्जस्त उहाँको घर पठाए र शत-प्रतिशत उहाँ अव यो भौतिक संसारमा नरहनुभएको कन्फर्म भयो। अव आफ्ना ए.एन.ए. का साथीहरुलाई कसरी सुनाउने, म आफैँ बेचैन थिए। एक्जुकेटिभ कमिटीको टेक्स्ट ग्रुपमा ए.एन.ए. परिवार भित्र अकल्पनीय क्षति भएको हुँदा भोलिको बैठक अनिश्चित कालकोलागि स्थगित भएको दुई लाइनको टेक्स्ट पठाए। त्यसपछि को समय खासै सम्झन पनि मन छैन।

ए.एन.ए. शोकमा डुब्यो, जनवरी १७, २०२१ आइतवार उहाँको स्मृतिमा हार्दिक श्रद्दान्जली तथा समवेदना भर्चुवल कार्यक्रमको आयोजना गर्यौ र तीन महिना उहाँको सम्मानमा बिशेस बाहेकका अन्य कार्यक्रम गरेनौ। आज उहाँको सम्मान स्वरुप हाम्रो कार्यकालको पहिलो ए.एन.ए. संदेश उहाँकै सम्झनामा डा.दाहाल विशेषांकको रुपमा प्रकाशन गर्दैछौ।

तपाइँ जहाँ रहे पनि हाम्रो माया र सम्मान तपाईलाई। हार्दिक श्रद्दान्जली दुर्गा सर !!

ANA Editorial

# जहाँ अंग्रेजी विषय नेपालीमा पढिन्थ्यो



**डा. चूडामणि खनाल**

महासचिव, ए.एन.ए.

करिव पैंतीस बसन्त अघिको कुरा हुनु पर्दछ, हामी हाम्रो खेती अर्थात् अंठियाबारीबाट उर्लाबारी बजार बसाईं सरेको । तुलनात्मक रूपमा उर्लाबारीलाई बजार भनिएता पनि त्यो एक अनकन्टार बस्ति थियो जहाँ न बिजुली थियो न त टेलिफोन, न अलकत्रे सडक न त गाडीको ट्याईं ट्याईं। अँ.. गाडी भन्दा खेरी महेन्द्र राजमार्ग नजिकै थियो तर धेरै पातला गाडी। राजमार्ग प्राय बिस्कुन सुकाउन काम लाग्थ्यो।

प्रशस्त रुखहरु, कोकिलको चिरबिर, ढुक्कुरको कुर्ल्यई अनि टाढा टाढा कुकुर भुकेको र मिल चलेको सुनिने शान्त गाउँ थियो मेरो खेति अठियाबारी अनि झन्डै झन्डै उस्तै थियो कथित शहर उर्लाबारी पनि ।

मेरो बुवा ओवरस्यांठ हुनुहुन्थ्यो तर सधैं बाहिर, सरकारी काम, कहिले कता सरुवा कहिले कता। त्यो बेला बुवाको सरुवा डोल्पामा भएको थियो रे बुवाले भन्नु हुन्थ्यो । कहिले काँही काठमाडौँ पनि जाने गर्नु हुन्थ्यो रे अनि टेलिग्राम पठाउनु हुन्थ्यो । एता हाम्री आमा पनि आवा गर्न नजिकैको शहर दमक जानु हुन्थ्यो, बुधबार, हाट लाग्ने दिन, एक पन्थ दुई काज, आवा पनि गरिने मेला पनि भरिने।

उर्लाबारी बसाईं सर्नु अघि दुर्गापुरीको अरनिको प्रस्तावित माध्यमिक विद्यालयमा कक्षा ६ सम्म पढेको थिएँ। गणितमा छुरा भएतापनि अंग्रेजी भने पछि मेरो सातो पुल्लो उड्थ्यो । कक्षा चारबाट अंग्रेजी विषयको ए बि सी डि पढ्न सुरु गरेको त्यो पनि नेपालीमा। यो गाईखाने भाषा पढ्न नपरेदेखि जिन्दगी कति सरल हुन्थ्यो होला, मनको लड्डु घ्यूसंग खांदै बस्थें।

दुर्गापुरीमा पढ्दा देखि नै बिद्यालय भरी हल्ला थियो उर्लाबारीमा अंग्रेजी शिक्षक "डु-सर"। उर्लाबारी आएपछि छिमेकी बुज्रुकलाई सोधें, डू-सर भन्ने हुनुहुन्छ रे, अंग्रेजीका पिता, कहाँ बस्नु हुन्छ?

खै त्यो डू-सर भन्ने त थाहा छैन, तर एक जना आसामे अंग्रेजी मास्टर चै तल बरगाछीमा छन् भन्ने सुनेको छु। तर तिनको नाम त दुर्गा भन्ने सुनेको थिए, मादीका दाहाल हुन् रे भन्थे त, छिमेकी बाले भन्नु भयो।

हो तिनै डू-सरको खास नाम रहेछ "दुर्गा दाहाल"।

बिद्यालयमा दससम्म कक्षाहरु र प्रत्येक कक्षाका ६ वटासम्म सेक्सन भएकोले सबैको भाग्यमा कहाँ हुन्थ्यो र डु-सरको कक्षा पर्न। ट्युसन पढ्न पनि लाइन बस्नु पर्ने, कहिले काही त महिनौसम्म पनि पालो नआउने, पर्खंदा पर्खंदै परिक्षा नै सकिने ।

मरो पहिलो नजर डु-सरमा परेको दिन सम्झन्छु, कट्राईजको पाइन्ट लगाएको, निलो सट, काला बाक्ला जुँगा, एकदम ह्यान्डसम हुनुहुदो रैछ दुर्गा सर।

मलाई सम्झना छ त्यो ट्युसनको पहिलो दिन- प्रेजेन्ट टेन्सको उदाहरणबाट सुरु, I eat rice, यहाँ V1 को प्रयोग भा'को छ, यो eat भित्र auxiliary verb ‘do’ लुकेको हुन्छ।

सरको मुखबाट ‘डू’ शब्द सुन्नासाथ मेरो हुंक्क हाँसोको खित्का फुटिसकेको थियो, मुस्किलले दबाएर उँधो मुन्टो लगाएँ।

सर अगाडि प्रष्ट्याउदै जानु भयो “यो वाक्यलाई negative बनाउदा eat भित्र लुकेको ‘do’ लाई बाहिर निकालेर त्यस पछि not थप्नु पर्छ”।

सरको ब्याख्या सकिन नपाउदै डिल्लीमायाले दबिएको खित्का हाँसो रोक्न सकिनन्, यहि मौकामा सबैले कसेर राखेको हाँसोको फुत्का फुकायौ, एकाएक मुखामुख गलल । दुर्गा सर एकछिन स्तब्ध एवं अन्योल देखिनु हुन्थ्यो, सायद वहांले त्यो हाँसोको कारण थाहा नपाइकन यस धर्तीबाट बिदा लिनुभयो । वहांले अंग्रेजी विषयलाई समय र परिस्थिति अनुरुप नेपालीमा अति सरल शैलीमा यसरी पढाउनु हुन्थ्यो कि त्यस्को बयान गर्न सकिन्न। हेर्नमा मात्र ह्यान्डसम हैन पढाउने शैली पनि निक्कै रोमान्चक थियो। अन्ततः म प्रथम श्रेणीमा प्रथम भएँ, सरको प्यारो चेला ।

brtnepal मा प्रकाशित दुर्गा सरको एक लेखका हरफहरु जस्ताको तस्तै - "नेपालको मोरङ जिल्लामा अवस्थित “उर्लाबारी नगरपालिका” मेरालागि अत्यन्त प्रिय स्थल हो । त्यहाँका बोट- बिरुवा, ढुङ्गा-माटा र स्थानीय जनजीवन र जनतासँग पनि मेरो विशेष सम्बन्ध, माया- ममता र सम्झना छ । विशेष गरी त्यहाँका विद्यार्थीहरूसँग मेरो घनिष्ठ माया, सम्झना र सम्बन्ध छ ।" यो पढ्दा लाग्थ्यो वहांको यो भावना भित्र कहिँ कतै म पनि सामेल छु।

समयको रफ्तारसंगै एकदिन अमेरिका अनि एउटै ANA को छत्र-छायाँमा नियतिले पारेकोमा हर्षविभोर हुन नपाउंदै त्यै नियतिले अनायासै चुँडेर लागेको खबरले म लगायत सम्पूर्ण ए.एन.ए परिवार स्तब्ध भयो ।


आज म अमेरिकाको विश्वविद्यालयमा भौतिक शास्त्र तथा इञ्जिनियरिङ्ग विषय पढाउछु अंग्रेजी माध्यममा। मेरालागि त्यसको मूल चुरो अर्थात् देन भनेकै दुर्गा सर हो भन्दा अत्युक्ति नहोला।

दुर्गा सरप्रति हार्दिक श्रद्धान्जली !



श्री राधिका माध्यमिक विद्यालय, उर्लाबारीका अन्य शिक्षकहरुका साथ गुरु दुर्गा दाहाल:

फोटो साभार - दुर्गा सरको Facebook बाट


एक युगान्त जीवन
अतुलनीय योगदान
अनगिन्ती सम्झना मनभरी भरेर
अर्पित छ श्रद्धाञ्जली
अलविदा प्रीय मान्छे!
Executive committee
2021-2023
Association of Nepalis in the Americas (ANA)

# भुल्नै नसकिने यादहरु

**स्वर्गीय डा. दुर्गा दाहाल**
विद्याबारिधी (अंग्रेज़ी साहित्य)
उपाध्यक्ष (पश्चिम क्षेत्र, ए.एन.ए.)

१. प्रथम भेंट: बि.सं. २०४६ साल बिजुलीबजार, काठमाण्डौं, नेपाल जनआन्दोलनको समयमा।

२. दोस्रो भेट: सन् २०१८ सिकागो, संयुक्त राज्य अमेरिका, प्रथम नेपाली राष्टिय सम्मेलमा।

३. तेस्रो भेट: सन् २०१९ बाल्टीमोर, संयुक्त राज्य अमेरिका, दोस्रो नेपाली राष्टिय सम्मेलनमा।

४. अन्य समयावधिमा फोन, ईमेल, Text message, fax र messenger बाट निरन्तर कुराहरु र सम्पर्क तथा भर्चुयल माध्यम मार्फ़त वार्तालाप र भेंट निरन्तर भैरहन्थ्यो।

५. नेपाल र अमेरिका जहां रहेपनि संचार माध्यमबाट हामी संम्पर्कमा रहनेवाला हितैषी मित्र थियौं।

६. हामी २०४६ सालको नेपालमा भएको जनआन्दोलनमा जनस्वतंत्रताको लागि बौद्धिक तथा अन्य माध्यमबाट सहकार्य गरेर सक्रिय सहभागिता देखाई संघर्षका कामहरु गर्दथ्यौं।

७. अमेरिकामा ए.एन.ए.मा रहदा सहकार्य गरी नेपाल र नेपालीको लागि घरदेश र विदेशमा सम्पर्कमा रहि सामाजिक क्षेत्रमा भौतिक तथा भर्चुयल माध्यम बाट बिबिध कार्यक्रमरु गर्ने गरेका थियौं। स्वर्गीय दाहाल दुई कार्यकाल ए.एन.ए. उपाध्यक्षका साथै लामो समयदेखि अमेरिका स्थित बिभिन्न नेपाली संघसंस्थाहरुमा आबद्ध हुनुहुन्थ्यो।

८. हाम्रो बिचमा लामों पारिवारिक सम्बन्ध पनि थियो र छ।

९. हामी सामाजिक सहकार्यका यात्री मात्र नभएर असल पारिवारिक मित्र र मसंग नजिक परिवारमा केहि रुपमा नाता संबन्ध पनि जोडिएको थियो।

१०. स्वर्गीय डा. दाहाल संखुवाशभाबाट बचपनमै आफ्ना मातापिता र सपरिवारसंगै भारतको आसाम राज्यमा हुर्कि बड़ी शिक्षा आरम्भ गरी उच्च शिक्षा हासिल गरेपछि पुन: नेपाल फर्किएर त्रिभुवन विश्वविद्यालय अन्तर्गतको कलेजमा प्राध्यापकको रूपमा अध्यापन सेवा सुरु गरेपछि झापामा उर्मिला पोख्रेल (उपाध्याय) संग बिबाह गर्नुभएको थियो।

११. दुईदसक त्रिभुवन विश्वविध्यालय अन्तर्गतका बिभिन्न कलेजमा अंग्रेज़ी विषयको प्राध्यापक भई अध्यापन कार्य गर्नु भयो।

१२. उँहा नेपाल तथा अमेरिकामा रहदा केहि रुपमा सन्चार/पत्रकारिता सम्बन्धित कार्यमा रुचि राख्नु हुन्थ्यो र समाचार पनि संप्रेषित गर्नु हुन्थ्यो।

१३. साँचों र सत्य बोल्ने उँहा हक्कि तथा निर्भीक स्वभावको सामाजिक व्यक्तित्व हुनुहुन्थ्यो।

१४. अमेरिकामा तथा नेपाल रहदा आफ्नो नियमित सेवाका साथै व्यापार व्यवसायको बिबिध क्षेत्रमा समेत सहकार्य गर्नु हुन्थ्यो।

१५. ठीक एक बर्ष पहिला नेपालको सामाजिक तथा पारिवारिक भ्रमणमा रहदा त्यहां असक्त रुपमा गम्भीर बिमारी भएर गोंडाको समेत आकस्मिक सल्यक्रिया गरी सफलता पुर्बक उपचार भएको अवस्था थियो ।

१६. उँहाकी धर्मपत्नी, एक छोरा र एक छोरी संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा बसोबास गर्नुहुन्छ।

१७. नेपालमा भक्तपुरको बालकोटमा आफ्नै निवास भएका स्वर्गीय दाहाल अमेरिकाको टेक्सास, पेन्सलभेनिया हुंदै क्यालीफोर्निया राज्यमा लामो समयदेखि बसोबास गर्दै जीवनको अन्तिम समयावधिसम्म त्यहीं रहदा रहदै अल्पायुमै जनवरी ८, २०२१ शुक्रवारका दिन अकल्पनीय निधन (स्वर्गीय) हुनुभयो।

१८. नेपालमा उँहाका आफन्त परिवारहरु रहनु हुन्छ।

१९. प्रजातांत्रिक, विधि, थिति र नीतिगत व्यवहारमा समाज चल्नुपर्छ भन्ने विस्वासलाई मुलमन्त्र ठान्ने बिलक्षण प्रतिभाका धनि स्वर्गीय दाहाल सबैबिच प्रिय हुनुहुन्थ्यो।

२०. जिवनको अन्त के थाहा? पछिल्लो सयमा सकेसम्म उत्तर अमेरिका स्थित (अमेरिका र क्यानडा) धेरै नेपाली सामाजिक संघ संस्थाहरुलाई समेटेर संसारभरि हेर्न मिल्नेगरी प्रत्यक्ष प्रसारण मार्फ़त मात्रिभुमि नेपाल र नेपालीको लागि भनेर ANA organizer भएर नेपालको आर्थिक विकासमा देखिएका बाधा र तिनका समाधानहरु भन्ने विषयमा विविध क्षेत्र र विषयका विशिष्ट व्यक्तिहरुसंग सहकार्य गरी भर्चुयल माध्यमबाट सामुहिक अन्तरक्रिया कार्यक्रम गर्ने सल्लाह गरी क़रीबक़रीब कार्यक्रमको तालिका निश्चित गरेका थियौं, तर प्रभुको कृपा पुगेन, लिला परिवर्तन भयो र अधुरो नै रहन गयो । यो सपनालाई ईश्वरले साथ दिएमा ए.एन.ए. परिवार (हामीहरु) मिलेर निकट भविष्यमा सम्पन्न गरी उँहाको इच्छा पुरा गर्ने अठोट गरेका छौं।

२१. स्वर्गीय डा. दुर्गा दाहाल प्रतिभाशाली मात्र नभएर वास्तबमै बहुप्रतिभाशाली एक कर्मठ र सबैका माझ अत्यन्त प्रिय, नेपाली तन र मनले सझाएर संम्झिएको कुसल सामुदायिक अभियानका वरिष्ठ व्यक्तित्व, समाजवादी, प्रजातन्त्रवादी, समाजसेवी, परोपकारी तथा सामाजिक मुल्य र मान्यताका रत्न हुनुहुन्थ्यो।आदरणीय ए.एन.ए. उपाध्यक्ष साथै प्रिय मित्र स्वर्गीय दुर्गा सरप्रति ए.एन.ए. परिवार, म तथा मेरो परिवारको तर्फबाट भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछु।

हजुरलाई हाम्रो समाज तथा ए.एन.ए.ले हरपल स्मरण गरी-गरी युगौंयुगसम्म मन मस्तिष्कमा राखिरहनेछ। सबैले संझिरहनेछन् । हामीले याद गरिरहनेछौं।



**खगेन्द्र अधिकारी**
निवर्तमान अध्यक्ष तथा ट्रस्टि सदस्य
ए.एन.ए.

# हाम्रो मन-मुटुमा दुर्गा

संखुवासभाको त्यो माटो जसले दुर्गालाई जन्मायो
भीर, पाखा पखेरी र खोलाहरु जहाँ हाम्रो दुर्गा रमायो
यौवन फक्रन नपाउँदै भारत प्रवासको त्यो कठिन यात्रा
शिक्षा, दीक्षा सकेर फर्कियो आफ्नै स्वदेशी माटो समात्न

पहिलो भेट, स्वदेशको त्यो काठमाण्डू विजुली बजार
संघर्ष र सहकार्यका यादहरुको बाढी आउँछ हजार
शान्त, सौम्य र मिजासिलो त्यो मुहार
आजै हो जस्तो लाग्छ ती क्षणहरुको सुन्दर लहर

कान्तिपुरीका शिक्षालयहरुमा छरेर ज्ञानको ज्योति
अध्यारोबाट देशलाई उज्यालोतर्फ लैजानैका निम्ति
भिड्यो शासकहरुसँग आफ्नो बुद्धि विवेकले सकिनसकि
आयो उज्यालो छर्दै २०४६ को त्यो सुनौलो विहानी

छाती भरि राखेर स्वदेशको मायाँ
सात समुन्द्र वारि पारि बिदेशको यात्रा
कठिन थिए सुरुका दिनहरु उत्तर अमेरिकामा
फैलायो एएनएको छहारी नेपाली माझमा

दुःखमा होस कि सुखमा नै किन नहोस
नेपालीका कयौं संस्थाहरु माझमा दुर्गा नै थिए सारथी
बाँधेर मायाँको डोरीले सहयोगको हात फैलाउँथे
ब्यक्तिगत काम र ब्यवस्ता छाडेर सेवा नै रुचाउँथे

मातृभूमीको यात्रामा गोडामा भयो ठक्कर
उपचार सफल पारी फेरि भए तयार

उर्मिला भाउजुको न्यानो मायाँको कारण
जुट्दै थिए नेपाली माझ सेवामा निरन्तर

क्यालिफोर्नियाको त्यो बास थियो विछट्टै रमाईलो
छोराछोरी, आफन्त, साथीभाई र पत्रकार सबैवीच सुखद हाई हेल्लो
चल्दैथियो सुखद जीवन एएनएको सेरोफेरो
ब्यबसाय, समाजसेवा उस्तै जमेको थियो कर्मको पानी पधेँरो

कहाँबाट एक्कासी आयो त्यो निर्दयी काल
लग्यो चुडेर हाम्रो दुर्गा  सरलाई पारेर अकाल
मर्माहत छौ सबै हामी गुमायौं अभिभावक
फेरी अब कहाँ पाउँछौ हाम्रो प्यारो दुर्गा दाहाल ?

हाम्रो मनमा दुर्गा, मुटुमा हुनुहुन्छ दुर्गा
विधिको विधानलाई मानेर हिड्नु नै छ अब
उहाँले देखाएको बाटो पक्डेर राम्रोसंग
दुर्गा सरको सम्मानमा हामी प्रदेशीहरुले, एकतामा रहि
समाजसेवी भावनालाई फैलाउनु नै छ मौलाउनु नै छ अब पनि !!
(अस्तु)


(ए.एन.ए. का उपाध्यक्ष स्वर्गीय डा. दुर्गा दाहालको निधनमा उहाँको योगदानलाई चीर स्थायी बनाउन *२०२१ अप्रिल १* मा रचना गरिएको कविता )

**खगेन्द्र अधिकारी**
*२०२१ अप्रिल १*



अमेरिकाका लागि पूर्व नेपाली राजदूत डा. अर्जुन कार्कीको निमन्त्रनामा ए.एन.ए. परिवार संग डा. दाहाल वाशिंगटन डी.सी. दूतावासमा

# In Memory of Dr. Durga Dahal



**Dr. Ambika Prasad Adhikari**
Member of the Board of Trustees, ANA
Phoenix, AZ, USA

I had the pleasure of knowing Dr. Durga Dahal for more than a decade, and was fortunate to meet with him several times. The Association of Nepalis in the Americas (ANA) is what brought us closer together, and it provided us a platform to collaborate in organizing programs in Chicago, Baltimore, Atlanta and other locations. In Chicago in 2018, Dr. Dahal organized a program related to Economic Development in Nepal and asked me to co-moderate it with him, and also to make some remarks. The program went very ell, and his colorful moderation was especially noted. As a professor of English, he often used fancy and yet poetic words in describing everyday event, which was fun to listen to.

A poet by heart, and a team player by nature, Durga jee was easy to work with. He brought a deep passion to everything he did including organizing literary sessions, talk programs, publication projects and other types of forums. He poured his deep passion into everything he did. In the meantime, he was a carefree individual, who wanted to take life easy and not too seriously. In the popular Hindi parlance, he could have been best described as a "Bindas", meaning he was a free soul and was mostly not bound by the mundane and practical considerations all the time.

He travelled widely, and stayed in the places he liked for weeks. In July 2019, when the ANA-led Nepali National Convention in Baltimore was completed, and most of us were heading towards airports or to our respective local homes, he was coolly sitting in the hotel lobby sipping some drinks. I asked him when he was returning to California. He causally responded "Maybe in two weeks, as I am a Bindas"!

Durga jee as the VP contributed to the ANA immensely, and his personal touch in relating to the colleague was immeasurable. He is dearly missed, but lives in our personal memories and institutional records of the ANA.



नेपाली नेशनल कन्भेन्सनमा सहभागी हुँदै डा. दाहाल (बाल्टिमोर, जुलाई २०१९ )

# ऊर्जाशील दुर्गा दाइ र उहाँबाट सिक्नुपर्ने कुरा



प्रकाश पौडेल 'माइला'
जापान

मानिस त्यो बेला निकै विवश र असहाय महसुस गर्छ, जब अचानक अपत्यारिलो खबर सुन्नुपर्छ । छँदा-खाँदाको मानिस अचानक यो संसारमा छैन भन्ने खबर त्यस्तै महसुस गराउने अवस्था हो । मैले पटक-पटक यस्ता खबर सुन्नुपरेको छ र पटक-पटक हाम्रो जीवनको क्षणभङ्गुरतालाई गहिरोसँग महसुस गर्नुपरेको छ । डा. दुर्गा दाहालको मृत्युको खबर अरूका लागि जस्तै मेरा लागि पनि अपत्यारिलो र असहाय महसुस गराउने खबर बनेर आयो, २०२१ जनवरी ९ तारिखका दिन ।

अमेरिकामा ८ तारिखको सन्ध्याकालीन हुँदै गर्दा जापानमा ९ तारिखको बिहानी सूर्योदय हुँदै थियो । यो सूर्योदयसँगै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका अभिभावक डा. दाहालको हृयघातका कारण क्यालिफोर्निया राज्यको सानफ्रान्सिकोमा निधन भएको खबरले उहाँसँग सम्बन्धित प्रियजनहरूका मनका बत्ती धमाधम निभिर हेको थिए । यो खबर भूकम्पले दिने झट्काजस्तै हजारौं मनहरूलाई धक्का दिँदै थियो । यो धक्काका कारण उहाँसँग बिताएका क्षण सम्झँदै धमाधम फेसबुक स्टाटस लेखिँदै थिए । त्यो बिहान मैले जब फेसबुक खोलेँ, मैले चिनेका हरेकजसोले डा. दाहालमाथिका केही न केही लेख्दै हुनुहुन्थ्यो । यस्तो लाग्दथ्यो, निकट व्यक्तिका आँसु अक्षर बनेर त्यहाँ निरन्तर बगिरहेका छन् ।

म उहाँको धेरै निकट व्यक्तिहरूमध्ये हुँ भन्ने लाग्दैन थियो तर त्यो खबर ले अचानक मलाई उहाँले गहिरो गरी समाइसक्नुभएको महसुस भयो । खबरसँगै मैले उहाँसँग बिताएका तीन पटकको भेट र दर्जनौंपटक म्यासेन्जरमार्फत् भएका कुराकानीहरू सम्झन थालेँ । खासमा मानिस नजिक हुन धेरैपटक भौतिक भेट हुनु नपर्ने रहेछ । धन्य उहाँसँग थोरैपटक केही समयका लागि भेट भयो । नत्र म पनि उहाँले सामाजिक सञ्जालहरूमा लेख्ने केही टिप्पणीका आधारमा मूल्याङ्कन गर्ने रहे छु ।

त्यो दिन मैले पनि अरूसँगै फेसबुकको भीडमा हृयदबाटै दुई/चार वाक्य श्रद्धाञ्जलिपूर्वक अर्पण गरेँ । यो सानो अर्पणबाट पनि मन हलुका भयो । त्यो बेला लाग्यो, फेसबुकमा लेखिने श्रद्धाञ्जलि र दिइने समवेदना केवल औपचारिकता हो इनन्, त्यसले आफूलाई सम्हाल्न पनि महत्वपूर्ण भूमिका खेल्दो रहेछ ।

कुनै समयमा एउटा नेपालीले अङ्ग्रेजी साहित्यमा मास्टर डिग्री गर्नु निकै ठूलो मानिन्थ्यो । यही आकर्षणका कारण दुर्गा सरले आफ्नोउमेरमा विज्ञान विषय पढेर डाक्टर हुने अवसरलाई छाडेर अङ्ग्रेजी साहित्य पढ्ने रहर गर्नुभयो । त्यसमाथि पनि विद्यावारिधि गरेको सुनेपछि मलाई उहाँका सङ्घर्षहरूप्रति रुचि जागेको थियो । उहाँका बारेमा खोज्दै जाँदा पो थाहा भयो, उहाँले आफ्नो ६५ वर्षे जीवनमा कुनै पनि क्षण चुप लागेर बस्नुभएन ।

उहाँ प्रजातान्त्रिक विचारसँग नजिक हुनुहुन्थ्यो तर यो निकटता कुनै पद वा प्रसिद्धिका लागि थिएन । प्रथम जननिर्वाचित प्रधानमन्त्री बी.पी. कोइरालाको प्रजातान्त्रिक सोच, देशप्रेम, समानता र उदारताबाट प्रभावित भएर, त्यो आदर्श आफ्नो जीवनमा बाँच्न सकिन्छ भनेर लाग्नुभएको रहेछ । सायद यही कारण उहाँले आफ्ना फेसबुक स्टाटसहरूमा बेला-बेलामा बी.पी.का भनाइहरू उद्धरण गरिर हनुहुन्थ्यो । नेपाल रहँदा मात्र होइन, अमेरिका बसाइँ सरेपछि पनि उहाँले लो कतान्त्रिक सोच र बी.पी.का चिन्तन त्याग्नुभएन । बरु यो अझै गहन हुँदै गएको उहाँका पछिल्ला गतिविधिहरूले इङ्गित गर्दथ्यो ।

धेरै राजनीतिक विचारकर्ताहरू पार्टीको भएपछि अरू कसैको हुन सक्दै नन् तर दुर्गा दाहाल सबै साहित्यकारका प्रिय व्यक्ति पनि हुनुहुन्थ्यो । आफू लेखक भएर योगदान त गर्नुहुन्थ्यो, साहित्यिक तथा सामाजिक सङ्घ-सङ्गठनमा पनि उत्तिकै सक्रिय हुनुहुन्थ्यो । उहाँ अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका अभिभावक भएर रहनुभयो । यही कारण उहाँ मेरो पनि अभिभावक हुनुहुन्थ्यो । मसँग जतिपटक भेट भयो, उहाँले दिएका गम्भीर सल्लाहहरूले मलाई अघि बढ्न प्रेरणा दिइरह्यो । स्पष्ट वक्ता भएका कारण उहाँसँग लिन सकिने धेरै कुरा थिए । तर म बस्ने पूर्वी गो लार्द्ध र उहाँ बस्ने पश्चिमी पुछारका कारण मैले उहाँबाट जति लिन सक्थेँ, त्यति लिन पाइनँ भन्ने लाग्छ । यसमा चाहिँ अहिले थकथकी लाग्छ अहिले पनि ।

अनेसास बोर्ड अफ ट्रस्टीका सल्लाहकारका रूपमा उहाँले सधैं विशेष काममा ध्यान दिनुभयो । यही कारण अनेसासले वितरण गर्ने पुरस्कारमध्ये उहाँले स्थापना गर्नुभएको पुरस्कारको राशि सबैभन्दा धेरै थियो । उहाँले धेरै पैसा भएका कारण यो पुरस्कार स्थापना गर्नुभएको भने होइन । किनभने उहाँभन्दा सम्पन्न व्यक्ति यो संस्थामा धेरै छन् । उहाँको ध्यान पुरस्कार पाएपछि स्रष्टाको कुनै गर्जो टर्नुपर्छ भन्ने सोच थियो । यही सोचका कारण उहाँले स्थापना गर्नुभएको वासुदेव-मालती पुरस्कार प्रथमपटक भारतका साहित्यकार लिलबहादुर क्षेत्रीले त पाउनुभयो नै । त्यो रकमले उहाँहरूले प्राप्त गरेका पुरस्कारभन्दा ठूलो रह्यो । गएको वर्ष जगदम्बाश्री पुरस्कार पाइसकेका लिलबहादुर क्षेत्रीलाई भारतको आसामस्थित उहाँकै घर पुगेर दिइएको वासुदेव-मालती पुरस्कार दिएपछि लिलबहादुर स्वयम्ले आफूले सबैभन्दा ठूलो पुरस्कार प्राप्त भएको भन्दै धन्यवाद दिनुभएको थियो ।

आसाममा जन्मेर पूर्वी नेपालमा बसाइँ सर्नुभएका डा. दुर्गा दाहाललाई आसाममा रहने नेपाली भाषीहरूका लागि मात्रै होइन, डायस्पोरिक साहित्यमा धेरैथोक गर्ने इच्छा थियो, जुन अब अपूरै रहने भएको छ ।

दाहालसँग मेरो पहिलो भेट अनेसास च्याप्टर सम्मेलनका क्रममा सन् २०१८ मा अमेरिकाको न्यु ह्याम्पसायरमा भएको थियो । त्यो उहाँको गृहराज्य नभएर उहाँ पनि सम्मेलनमा पाहुनाको रूपमा सहभागी हुन आउनुभएको थियो । उमेरले मभन्दा धेरै पाको तर जुझारुपनको हिसाबले निकै नै तन्नेरी । उहाँको व्यस्तता देखेर सुरुमा उहाँ नै त्यो कार्यक्रमको प्रमुख व्यक्ति हो भन्ने भान परेको थियो तर त्यसो होइन रहेछ । सम्मेलनको संयोजक तत्कालीन च्याप्टर अध्यक्ष कृष्ण गिरी हुनुहुन्थ्यो । साहित्यप्रतिको रुचि र आएका पाहुनाहरूलाई कुनै दुःख नहोस् भन्ने हेतुले दुर्गा दाइ पनि खटिरहनुभएको रहेछ ।

उक्त कार्यक्रममा खाना खाने क्रममा उहाँ र म एउटै टेबलमा परेका थियौँ । त्यही डिनरका क्रममा उहाँले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको कार्यदिशा र यसले गर्नुपर्ने दायित्वका बारेमा गम्भीर कुरा गर्नुभयो । त्यति मात्र हो इन, स्पष्ट रूपमा यो संस्थाका लागि हानिकारक तत्त्वहरूका विषयमा आफ्ना मतहरू पनि राख्नुभयो । त्योबेला मलाई अनुभव भयो, हक्की र स्पष्टवादिता उहाँका पहिचान रहेछन् । त्यसबाहेक उहाँले अनेसासका विषयमा गहिरो अध्ययन पनि गर्नुभएको रहेछ । त्योबेला उहाँले दिएका कतिपय बुँदाहरूलाई अहिले म कार्यान्वयन गर्ने प्रयासमा छु ।

उहाँसँग दोस्रो भेट गर्न फेरि अर्को सम्मेलन कुर्नुपर्‍यो । सन् २०१९ मा छैठौं अन्तर्राष्ट्रिय सम्मेलन बेलायतमा हुने भयो । यहाँ पनि उहाँले आफ्नो स्वभाव अनुकुल नै सङ्गठनका बारेमा स्पष्टसँग कुराहरू राख्नुभयो र भविष्यमा मलाई नेतृत्वका लागि अग्रिम बधाई दिनुभयो । मेरो ध्यान सम्मेलनमा र संस्थाकै काममा भएकोले उहाँको सुझाव सुनेर 'नेतृत्व भनेको प्राविधिक कुरा हो' भनेर उम्किने कोसिस गरेँ । तर उहाँले त्यत्तिकै छोड्नु भएन, फुर्सद हुनेबित्तिकै फोन वा

म्यासेजबाट बारम्बार झक्झक्याउन थाल्नुभयो ।

अनेसासको नेतृत्व चयन भएपछि उहाँले फोनमा आफू धेरै अघिदेखि नै उक्त पदमा उपयुक्त व्यक्तिका रूपमा तपाईंलाई सोचेको थिएँ भनेर भन्नुभयो । स्पष्टवादी भएका कारण मैले उहाँको कुरामा अविश्वास गर्ने कारण देखिनँ किनभने निर्वाचनका बेला उहाँले सर्वसम्मत नेतृत्व चयनका लागि महत्त्वपूर्ण प्रयास गर्नुभएको थियो । अमेरिकी-नेपालीबीच समाजसेवीको व्यक्तित्व बनाउनुभएका कारण अनेसासभित्र उहाँका कुरा खाने धेरै सदस्यहरू हुनुहुन्थ्यो । अस्ट्रेलिया, युरोप र जापान-कोरियासम्म उहाँको प्रभाव थियो ।


तेस्रो भेट जापान सम्मेलनमा हुनेवाला थियो । उहाँ जापान आउनु हुने छ भन्ने कुरामा म पूर्ण विश्वस्त थिएँ । उहाँले पनि जापान आउने तयारी गर्नुभएको थियो । कागजी प्रक्रियाको आवश्यक चाँजोपाजो मैले नै मिलाएको थिएँ तर मधुमेह रोगबाट पीडित उहाँ अचानक अस्वस्थ भएर ढल्नु भएछ । जसको कारण डाक्टरले खुट्टा नै काट्नुपर्ने सुझाव दिएछ । डाक्टरको कुरा नमान्न सम्भव थिएन । तेस्रो च्याप्टर सम्मेलन चल्दै गर्दा उहाँको स्वास्थ्यबारे खबर सुनेर हामी चिन्तित बन्यौं र खल्लो महसुस गर्‍यौं । च्याप्टर सम्मेलन दुःख-सुख सम्पन्न गर्‍यौं ।

म सम्मेलनलगत्तै नेपाल आएँ । उहाँ नेपालमै स्वास्थ्यलाभ गरिरहनु भएको कुरा थाहा पाएपछि बालकोटस्थित घर पुगेँ । हिजोसम्म ठमठमी खुट्टाले हिँडिरहेको व्यक्ति, अचानक खुट्टा नभएको अवस्थामा देख्दा हृयदमा छुरा चलेको महसुस भयो तर पनि उहाँको मन स्वथ्य थियो । एउटा खुट्टा नभए पनि वर्षौं स्वस्थ भएर समाजसेवा र साहित्य सेवा गर्नेछु भनेर उहाँ हामीलाई जीवन हाँसेर बाँच्ने प्रेरणा दिइरहनुभएको थियो ।

कतिसम्म भने उहाँका कुराले मलाई जीवनलाई हेर्ने दृष्टि नै फरक भएको महसुस भयो । बालकोटस्थित उहाँको घरबाट फर्कंदा मैले एउटा गहिरो अभिभावक पाएको महसुस गरिरहेको थिएँ । बालकोटसम्म जाँदा साथीहरू राजेन्द्र के.सी., पुष्करजङ्ग थापालगायतले साथ दिनुभएको थियो ।

मैले जतिपटक डा. दुर्गा दाहाललाई भेटेँ, आत्मविश्वासी व्यक्तित्वका रूपमा महसुस गरेँ । ढिलो भेटे पनि एकजना विद्वत अभिभावक पाएको महसुस गरेँ । खुला मन, स्पष्ट विचार र साहित्यलाई पनि समाजसेवाकै एउटा पाटोका रूपमा महसुस गर्ने व्यक्तिका रूपमा गणना गरेँ । यस्ता व्यक्ति अचानक ढलेको खबरले साँच्चै नै मन दुखित भयो । समयले धेरै पीडा कम गर्दै जान्छन् तर अनेसासले गुमाएको अभिभावकत्वको पीडा भने कम हुने कुनै छाँट देखिँदैन ।

(अनेसास केन्द्रीय कार्य समितिका अध्यक्षसमेत रहनुभएका पौडेल जापानमा बसो बास गर्नुहुन्छ ।)








**Heartfelt Condolence to Social Icon Dr. Durga Dahal. May the departed soul Rest in Peace and his loved ones have the strength to overcome this lifetime loss!**

**Salute! Dr. Dahal's contribution to Nepali language, literature, and his unconditional services to the various organizations of Nepali diaspora is an asset and he will be with us forever on all fronts.**



With respect,

**Bimal Nepal**

Former president

Nepalese Association in Southeast America (NASeA)

West Palm Beach, Florida

# झलझली आँखामा दुर्गा दाइ !

(सम्झनामा डा. दुर्गा दाहाल)

२४ जून, २०१६ मा उहाँको अनुरोधलाई मैले स्वीकार गर्ने वित्तिकै फेसवुकको मेसेन्जरमा खवर आयो - मित्रताका लागि मैले गरेको अनुरोध स्वीकार गर्नु भएकोमा धन्यवाद !

यो नै हाम्रो संवादको सुरुआत थियो ।

•••

त्यसको करिव २ बर्षपछि ५ मे २०१८ मा उहाँको अर्को सन्देश आयो - नमस्कार, सन्चै हुनुहुन्छ ? कति तारिकमा न्यूह्यमशायर जानु हुन्छ ?

बास्तवमा यो सोधाईको कारण थियो- न्यूह्याम्शायरमा हुन लागेको अनेसास च्याप्टर सम्मेलनमा सहभागी हुनका लागि । म आफू महासचिव एवम् कार्यक्रम आयोजक समितिको एक सदस्य भएका कारण उहाँको यो सम्पर्क सोधाई सान्दर्भिक पनि थियो ।

•••

कार्यक्रममा उहाँको सक्रिय सहभागिता मात्र रहेन् , हामीले वासुदेव मालती पुरस्कारका लागि आवश्यक कागजातमा पनि हस्ताक्षर गर्यौं । र स्थापना गर्यौं, - अनेसासको इतिहासमै सबै भन्दा ठूलो धनराशिको पुरस्कार ।

त्यसपछिका दिनमा हाम्रो सम्पर्क बाक्लो हुन थाल्यो ।

मैले अनेसासको सन् १८- २० को कार्यकालका लागि अध्यक्षका लागि उम्मेद्वारी दर्ता गराएपछि भोट माग्न फोन गरेँ । उहाँले सहयोगको वचन दिनु भयो । चुनाव मेरो पक्षमा थिएन । त्यो मलाई पनि थाहा थियो । उहाँलाई पनि थाहा थियो । घुमाउरो पारामा मलाई सम्झाउनु पनि भएको हो । तर मैले मानिनँ ।

निर्वाचन परिणाम पश्चात् एउटा मेसेज पठाउनु भयो ।

'स्नेही मित्र राधेश्याम लेकाली र बन्धु गोवर्धन,

अनेसासको केन्द्रीय निर्वाचनको परिणाम हेर्दा मैले तपाईँ हरू दुवैजना विजयी भएको महसुस गरेको छु !

मलाई तपाईँहरू दुवैजना उत्तिकै प्रिय हुनुहुन्छ ! अनेसासमा तपाईहरू दुवैजनाको अमूल्य योगदान छ ! हामीलाई तपाईहरू दुवैजनाको खाँचो छ।

तर, मत चाहिँ एकजना लाई मात्रै दिएँ !

मलाई व्यक्तिगत रूपमा चुनावको नतीजा मन पर्यो ! किनभने, मेरो मत खेर गएन ! अनेसासले जित्यो !



**गोवर्द्धन पूजा**

बोस्टन , अमेरिका

अब, हामी सबै मिलेर काम गर्नु पर्छ ! यो पवित्र र महान संस्थालांई अझ उँचाईमा पुर्याउँदै हाम्रो नेपाली भाषा- साहित्य, कला - संस्कृति, कला- कौशल र राष्ट्रिय वैभव र विभूतिहरूलाई अन्तराष्ट्रियकरण गर्दै जाऊँ !

अब हामीले वृहत्तर स्वार्थका ख़ातिर साहित्यिक नेतृत्व मित्र राधेश्यामजी लेकालीज्यूलाई तन, मन, धन, कर्म र वचनले अधिकतम सहयोग गर्दै उहाँलाई काम गर्ने वातावरण मिलाई दिनु पर्छ !

मेरो व्यक्तिगत सर- सहयोग त हुनेनै छ तर संस्थागत सहयोग पनि गरौँ र उहाँको नेतृत्वमा बनेको समूहलाई साहित्यिक कार्य र यात्रामा पनि विजयी बनाऔँ !

पूजाजी,

मेरो हार्दिक प्रसन्नता र आन्तरिक शुभकामना तपाईँलाई सदा- सर्वदा छ र हुनेछ !

तपाईँको साहित्यिक यात्रा अझै लामो छ ! भावी दिनहरू अझ आकर्षक र उज्जवल छन् ! तपाईलाई अझ बलियो र चमकदार भएर झुल्किने मौका सम्मानित मतदाताहरूले दिएको हुनु



पर्छ !

दुवैलाई मेरो अन्तस्करणको माया, ममता र सम्मान छ !

आभारयुक्त धन्यवाद छ !

मैले निर्वाचनलाई सामान्य प्रक्रियाको रुपमा लिएँ । उहाँको मत नपाए पनि मन छामि सकेको थिएँ ।

•••

त्यसपछिको एक वर्ष हामी फोन सम्पर्कमा मात्र रह्यौँ । एक्कासी अनेसासको बेलायत सम्मेलनको पहिलो साँझ भेट भयो , लण्डनमा । पाहुनाहरूको स्वागत कार्यक्रममा हामी टेवुलको आमुन्ने सामुन्ने पर्यौँ । मलाई देख्ने बित्तिकै चर्को स्वरमा सबैले सुन्ने गरेर उहाँले भन्नु भयो - गोवर्द्धन बन्धू, अनेसासको आगामि चुनावको लागि तयार गर्नुस् है , यसपटक तपाई अध्यक्ष हुने पालो हो । "

भीडमा मैले केही बोलिनँ , हासेर स्वीकृतिमा टाउको मात्र हल्लाएँ ।

बेलायतबाट फर्किएको केही दिनपछि उहाँले फोन गरेर फेरि त्यही कुरा दोहोर्याउनु भयो ,। मैले सल्लाह गरौला मात्र भनेँ ।

•••

अनेसासको निर्वाचनको समयमा केही फोन वार्ता भयो । उहाँले मेरो लागि प्रस्तावक समेत बस्ने इच्छा प्रकट गर्नु भयो । तर परिस्थितिसँग सम्झौता गर्न लागेको मैले जानकारी गराएँ । उहाँ खुशी भएर भन्नु भयो - तपाई लामो समय संस्थामा बस्नु पर्छ, त्यसैले यो पनि ठीक हो ।

•••

निर्वाचन परिणाम आएपछि उहाँको सन्देश आयो -

'प्रिय साथी,

अनेसासको निर्वाचनमा विजयी हुनुभएकोमा हार्दिक मंगलमय शुभकामना छ ।

आगामी दिनहरूमा अनेसासलाई सही दिशातर्फ निर्देशित गर्नु होला ।

अनेक शुभेच्छा र मंगलमय अभिवादन छ ।'

•••

यति यात्रा संगै हिडेपछि मैले उहाँलाई राम्ररी चिनेको अनुभूति गर्न थालेँ । अनेसासका कार्यक्रममा उहाँको सहभागिता गराउन निम्तो गर्न थालेँ । यसै बिचमा उहाँले मेरा छोटा दुई कविता अंग्रेजीमा अनुवाद गरिदिनु भयो । अरु पनि गरेर कृति निकाल्ने योजना थियो ।

यही बिचमा साहित्यकार गोबिन्द गिरी प्रेरणाले उपन्यासकार लीलबहादुर क्षेत्रीको अन्तरवार्ता अनलाईन पत्रिकामा प्रकाशित गर्नु भएको रहेछ । अन्तरवार्तामा साहित्यकार क्षेत्रीलाई दिइएको वासुदेव- मालती पुरस्कारको चर्चा नभएकोका दुर्गा दाहाललाई दुख लागेको रहेछ । फेसवुकका उहाँको प्रतिक्रिया आएपछि मैले उहाँलाई फोन गरेर प्रतिक्रिया हटाउदा राम्रो सन्देश जाने कुराको अनुरोध गरेको थिएँ । उहाँले ' हुन्छ, म सोचेर गर्नेछु' भन्नु भयो तर पछिसम्म त्यो प्रतिक्रिया उहाँले हटाउन चाहनु भएन । सायद उहाँको मन नराम्ररी दुखेको थियो । मैले पनि उहाँलाई फेरि सम्झाउनु आवश्यक ठानिनँ ।

त्यसको केही दिन पछि उहाँले एउटा सन्देश आयो -

'बन्धुवर,

नमस्कार !

हाम्रो एउटा अन्तर्राष्ट्रीय पत्रिकाका लागी कृपया हप्तादिनको अवधिमा एउटा साहित्यिक कोशेली ( लघु कथा, कविता, मुक्तक, ग़ज़ल, निबन्ध अथवा अन्य केही ) निम्नलिखित email address मा पठाई सहयोग गरिदिनु हुन विनम्र अनुरोध छ ।

Email address:

durgadahal9999@gmail.com'

•••

यतिखेर दुर्गा दाहाल हुनु हुन्न । अचानकै उहाँले हामीलाई छोडेर जानु भयो । अनेसास वासुदेव मालती पुरस्कार उहाँको सपना थियो । हामीले यसलाई अनेसासको सबैभन्दा ठूलो र सम्मानित पुरस्कार बनाउने सपना साटेका थियौँ । थाहा छैन यसलाई आगामी दिनमा कसरी अघि बढाउन सकिने छ ?

चिनाजानी जीवनको पाँच वर्ष मात्रै सम्पर्कमा विताउँदा पनि उहाँलाई झलझली आँखामा सझाएको छु । आँखा बन्द गर्नै पर्दैन , उहाँको मुहार चित्र मगजमा आइहाल्छ । र एउटा प्रश्न उब्जन्छ - उहाँसँग लामो सहयात्रा गर्नेलाई उहाँको असामयिक देहावसानले कस्तो मर्माहत बनाएको होला !!!

*(लेखक अनेसास केन्द्रीय कार्यसमितिको वरिष्ठ उपाध्यक्ष पनि हुनुहुन्छ )*-
gpooja1970@gmail.com



# डा. दुर्गा दाहाल प्रति भावपूर्ण श्रद्धान्जली

**मुकुन्द ढुंगाना**
पुर्व वरिष्ठ उपाध्यक्ष, ए.एन.ए.

दुर्गाजी संगको मेरो चिनजान बि. सं. २०४४ देखिको हो । त्यसबेला मेरी श्रीमती उर्लाबारी क्याम्पस पढाउथिन र दुर्गाजी पनि त्यही पढाउनुहुन्थ्यो। त्यसबेलादेखि नै मेरो उर्लाबारीमा सिनेमाहल थियो र सिनेमा व्यवसायको कारण र सामाजिक, राजनीतिक गतिविधिमा पनि सकृय रहने क्रममा मेरी श्रीमतीले उहाँसंग परिचय गराइन। हाम्रो बिचमा विचार मिल्यो, व्यवहार मिल्यो र हामी क्रमश: नजिक हुदै गयौ।

संयोग कस्तो पर्यो भने म उर्मिला बैनीलाई (दुर्गाजीको श्रीमती) लाई २०३९ - २०४० सालदेखि नै चिन्थे। उहाँसंग मेरो चिनजान मेची क्याम्पसमा पढ्दादेखि नै भएको थियो । पछि दुर्गाजी र उर्मिला बैनीको विबाह भएपछि हामीमा झन घरायसी मित्रता गासियो। त्यसपछि आ-आफ्नो जीवन भोग्ने क्रममा हामी व्यस्त भयौ।

सन २०१७ मा मेदिनी अधिकारीको अध्यक्षतामा बनेको ए.एन.ए.को एक्जुकेटिभ कमिटीमा म पश्चिम क्षेत्रीय उपाध्यक्ष र उहाँ कम्युनिकेशन डिरेक्टर हुनुभयो। मिटिङ्गमा संस्थाको कार्यक्रममा भेटघट हुदै हाम्रो आत्मीयता निकै झांगियो। उहाँ बित्नु केही दिन अघि मात्र पनि ए.एन.ए. कै सम्बन्धमा कुरा भएको थियो। अकस्मात उहाँले हामीलाई छोडेर



*डा. दाहाल संग क्यालिफोर्नियाको एक पारिवारिक कार्यक्रममा*

जानुभयो। बैनी उर्मिला, बाबु, नानीहरूमा हार्दिक समवेदना। दुर्गाजी तपाइँ जहाँ भएपनि हाम्रो माया र सम्झना तपाइलाई। हार्दिक श्रद्धान्जली !

# भावपूर्ण श्रद्धाञ्जली

साहित्यकार,समाजसेवी तथा अन्तर्राष्ट्रीय नेपाली साहित्य समाज, बोर्ड अफ ट्रष्टीका सल्लाहकार स्व. डा. दुर्गा दाहाल (अनुभव) ले जनवरी ८, २०२१ का दिन हामीलाई छोडेर बैकुण्ठ जानुभयो र एक उच्चबौद्धिक व्यक्तित्व डायस्पोराले सदाका लागि गुमायो । उहाँ नेपाली कांग्रेस केन्द्रिय प्रशिक्षण विभागको पुर्व सदस्य,नेपाली जन-सम्पर्क समिति अमेरिकाको केन्द्रिय सल्लाहकार, प्राध्यापक, सरल, स्पष्ट वक्ता लगाएत नर्दन क्यालिफोर्नियाको समाजसेवी तथा अमेरिकी डायस्पोराको सुपरिचित प्राज्ञिक व्यक्तित्व हुनुहुन्थ्यो । वार्षिक एनएको कार्यक्रममा हुने अन्तर्राष्ट्रीय नेपाली साहित्य समाजले चलाउने साहित्यिक महोत्सब कार्यक्रम गर्न वहाँ निउ जर्सी आउनु भएको बेलामा उहाँसंग मेरो पहिलो भेट भएको थियो। उहाँले लेख्दै गरेका साहित्यीक कृतिहरु र अनेसासमा स्थापना गर्नु भएका पुरस्कारको बारेमा कुराकानी भएको थियो। अनेसासको भावी दिशा कस्तो हुनुपर्छ भनि सल्लाह दिनु भएको थियो। उहाँले स्थापना गर्नु भएको अमेरिकी $2111 पुरस्कारको राशि भएको अनेसास बासुदेव- मालती अन्तर्राष्ट्रीय साहित्यिक पुरस्कार "बसाईं" उपन्यासका कृतिकार स्वनामधन्य प्रा. लील बहादुर क्षेत्री लाई दिइएको थियो। उहाँ अनेसासबाट अरु पुरस्कार पनि स्थापना गर्न तत्पर हुनुहुन्थ्यो। उहाँको देहान्त पछि राम्रो कार्यको कदर गर्दै अनेसासले स्व डा दाहालद्धारा लिखित प्रकाशोन्मुख कविता संग्रह र उहाँको स्मारिका अनेसासले प्रकाशन गरिने निर्णय गरेको थियो ।



**पुरु सुबेदी**
सह-अधक्ष्य, अनेसास बोर्ड अफ ट्रष्टी

अन्तर्राष्ट्रीय नेपाली साहित्य समाज, बोर्ड अफ ट्रष्टी र सुबेदी परिवारको तर्फ बाट प्रा. डा. दुर्गा दाहाल सरको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

# सम्झनामा डा. दुर्गा दाहाल

एक समय थियो, जुन केही वर्ष पहिलेको कुरा हो, म सानफ्रान्सिस्कोमा आयोजना हुने एक साहित्यिक कार्यक्रममा भागलिन त्यसतर्फ पुगेको थिएँ । कार्यक्रमको दिन हल वरिपरि मान्छेहरुको हुल आहोरदोहोर भइरहेको थियो । तिनीहरुमध्ये डा. दुर्गा दाहाल दाइ हँसिलो मुहारमा नमस्कार गर्दै मेरो नजिक आइपुग्नु भएको थियो । यस अघि पनि उहाँसंग विभिन्न कार्यक्रमहरुमा भेटघाट भैसकेको थियो । उहाँको आफ्नै ठाउँको भेटघाटले झनै नजिक बनायो ।

कार्यक्रममा भानुभक्तको चर्चा, कविता वाचन, अनेसासका आजीवन सदस्यहरुलाई आजीवन सदस्यताको प्रमाणपत्र वितरण आदि कार्यक्रम समावेश थिए । कार्यक्रम अवधिभर दुर्गादाइ हल वरिपरि मसंग नै झुम्मिनु भयो । मेरा मन्तव्य, कविता सुनिरहनु भयो । मन भनेको संगै बसेपछि आफै मिल्दो रहेछ । मेरो हातबाट आजीवन सदस्यताको प्रमाणपत्र पाएकोमा अत्यन्तै खुशी व्यक्त गर्नु भएको थियो । यी विचार उहाँको मन्तव्यमा पनि प्रस्फुटित थिए । कार्यक्रम पश्चात् दुर्गा दाइ म, सर्वज्ञ वाग्लेजीसंगै फर्कनु भयो । उहाँ बीच बाटोबाट छुट्टिनु भयो तर हामी छुट्टिन सकिरहेका थिएनौं । साँच्ची नै कुनै साथीसंग बोल्दा, घुम्दा, रमाइलो गर्दा मनमा यति धेरै खुशी मिल्छ, त्यो दाइबाट पाएँ । दुर्गा दाइले बाटाभरि अनेक प्रसंगका रमाइला गफगाफ गरिरहनु भएको थियो र मलाई त्यसदिन उहाँको निवासमा जान निकै आग्रह पनि गरिरहनु भएको थियो । विहानैको फिर्ता टिकट, एअरपोर्टको दुरी यस्तै अन्य कारणले म उहाँको निवास जान असमर्थ भएँ । फर्केपछि हाम्रो सम्बन्ध झनै प्रगाढ हुँदै गयो, सम्पर्क बाक्लिँदै गए, हरेक हप्ताजस्तै कुराकानी हुन थाल्यो । अनेसासका गतिविधिहरुमा दुर्गा दाइको सहभागिता, चासो, हौसला र संलग्नता निकै बृद्धि हुँदै जान थाल्यो । दुर्गा दाइले मेरो उपस्थितिमा एक विशेष साहित्यिक कार्यक्रम आयोजना गर्ने प्रस्ताव गर्नुभएको थियो, जुन अब कहिल्यै पूरा नहुने गरी सदाको लागि विलाएको छ ।

केही पछि अष्ट्रेलियाको पर्थमा एक कार्यक्रमको आयोजना हुँदै थियो । दुर्गा दाइले पनि उक्त कार्यक्रममा भागलिने चाहना प्रकट गरेसंगै हाम्रो अर्को भेट अष्ट्रेलियामा पनि भयो । कार्यक्रमहरुमा उहाँको सक्रिय सहभागिता, आफ्ना भनाइहरु निरन्तर रहे । त्यसै कार्यक्रमबाट प्रभावित भएर उहाँले बासुदेव मालती साहित्य पुरस्कार स्थापना गर्ने घोषणा गर्नु भयो । पुरस्कारको निर्देशिका, सहमति पत्र आदि तयार भयो जसमा अनेसासको तर्फबाट मैले र पुरस्कारदाताको तर्फबाट स्वयं दुर्गा दाइले हस्ताक्षर गर्नु भएको थियो । पुरस्कारले अनेसास र साहित्य जगतमा अर्को उत्साह थप्यो । पुरस्कार रकम दुइहजार एकसय एक डलरको थियो, जुन नेपाली रुपैंया करीब दुइलाख पचासहजार जति हुन आउँछ । निजिस्तरबाट प्रदान गरिएको यो पुरस्कार ठूला धनराशीका पुरस्कारहरुमध्ये एक मान्न सकिन्छ । अर्को वर्ष उक्त पुरस्कार बरिष्ठ साहित्यकार लिलबहादुर क्षेत्रीलाई प्रदान गरियो । दुर्गा दाई स्वयं आफैं भारत पुगेर एक विशेष कार्यक्रमकाबीच लिलबहादुर क्षेत्रीलाई प्रदान गर्नु भयो ।

दुर्गा दाइ साहित्यमा खुब कलम चलायनु हुन्थ्यो । कविताहरु नियमितरुपमा सञ्चार माध्यमहरुमा पढ्न पाइन्थो । जे देख्यो, त्यही हुबहु कवितामा उहाँको भाव देख्न पाइन्थ्यो । साँच्चै नै रहेछ मान्छेले सफलताको पछाडि प्रेरणाले काम गरेको हुन्छ । दाइले अनेसासको बोर्ड अफ ट्रष्टीको सदस्य पनि ग्रहण गर्नु भयो । उहाँको सक्रियता देखेर अनेसासको बोर्ड अफ ट्रष्टीको सल्लाहकारमा मनोनयन हुनु भयो । त्यस पश्चात् बोर्ड अफ ट्रष्टीमा उहाँको सल्लाह, सुझाव नियमित प्राप्त भइरह्यो ।

सन् २०१९ मा बाल्टिमोरमा अनेसास र एएनएको संयुक्त आयोजनामा विशेष साहित्यिक कार्यक्रम आयोजना गरिएको थियो । जुन कार्यक्रमको संयोजन उहाँ स्वयंले गर्नुभएको थियो । कार्यक्रममा आउनु पर्छ भनेर दाइले



## पदम विश्वकर्मा

मलाई घच्घच्याइरहनु हुन्थ्यो । अनेसासको आयोजनामा संचालित र साहित्यिक कार्यक्रम पनि भएकोले मेरो उपस्थिति त पक्कै हुन्थो तर उहाँको प्रेरणाले झनै उत्साहित बनायो । कार्यक्रम निकै सुन्दर र भव्यरुपमा सम्पन्न भयो । दुर्गा दाइको संयोजनकारी भूमिका निकै सराहनीय रह्यो भनेर धेरैले प्रशंसा पनि गरे । उहाँको सक्रियता, कार्यक्रम सञ्चालन तरिकाले हल गुञ्जायमान भएको थियो ।

यसैबीच दुर्गा दाइसहित उर्मिला भाउजुसंग २०१९ मा लण्डनमा भेट हुने अवसर मिलेको थियो । उहाँको सक्रियता, मिलनसारिताले गर्दा लण्डनको बसाई निकै रमणीय महसुस भयो । कार्यक्रमभर उहाँको सक्रिय सहभागिता, प्रस्तुति रहिरह्यो । त्यस कार्यक्रममा बेलायत पुगेका सबै सहभागीले उहाँलाई राम्ररी स्मरण गरिरहेका छन् । परिस्थितिले जस्तोसुकै हो, दाइ सँधै मुस्कुराइरहनुहुन्थ्यो । त्यही मुस्कानलाई हामीले जीवनभर सम्झने छौं ।

भेट त हजारौंसंग भएको थियो तर दाइसंगको भेट विशेष प्रकारको रह्यो मेरो लागि । मेरो सानो सानो कुराले पनि दाइलाई प्रेरित बनाएछ क्यारे । दुर्गा दाइले मेरै प्रेरणाले अनेसासको सदस्यता लिनुभएको थियो, संधै मेरो प्रशंसा गरिरहनु हुन्थ्यो, मेरो कार्य शैली, नेतृत्व शैली, मेरो स्वभाव निकै मनपर्छ भनेर प्रशंसा गरिरहनु हुन्थ्यो । २०१९ मा उहाँको कविताकृत "अनुभवका अनुभूति" कविता संग्रह प्रकाशित भयो । उक्त संग्रहमा शुभकामना लेख्न आग्रह गर्नु भयो मलाई । मलाई तपाईंको शुभकामना चाहिन्छ पदमजी भन्नु भयो । दाइको कविता संग्रहमा शुभकामना लेख्न पाउँदा हर्षविभोर लागेको छ । शायद हामीले अरुलाई जे दिन्छौं त्यस्तै फर्केर हामीमा पनि आउँदो रहेछ, मैले पनि दाइबाट त्यस्तै माया पाएँ ।

भारतबाट फर्केपछि दुर्गा दाइको खुट्टामा समस्या देखा परेको सुनें । दाइको खुट्टाको तल्लो भाग काट्नु पर्ने डाक्टरको सल्लाह पश्चात् उहाँको खुट्टाको तल्लो भाग काटिएछ । त्यो थाहा पाउनासाथ मैले फोन सम्पर्क गरें । जिन्दगीमा जेपरेपनि सहनु पर्ने खुट्टा काटिएपनि उहाँ विल्कुल चिन्तित भएको महसुस गर्नु भएन । उत्तिक्कै सशक्त, उत्तिक्कै सक्रिय, उत्तिक्कै जोशमा बाँकी दिनहरु विताउनु भयो । जापानमा अघिल्लो वर्ष आयोजना हुने कार्यक्रममा सहभागी हुने इच्छा

राख्नुभएतापनि खुट्टाका अपरेशनका कारण सहभागी हुन सक्नु भएन । कार्यक्रम अवधिभर जापान पुगेका हामीहरुले उहाँलाई सम्झिररह्यौं, उहाँलाई मिस गरिरह्यौं । जापानमा पर्थ र लण्डनकोजस्तो उहाँको रौनक हामीले गुमायौं ।

केही महिनाको नेपाल बसाईपछि दाइ अमेरिका फर्कनु भयो । हाम्रा भलाकुसारी, सम्वाद निरन्तर चलिरहे । अनेसासका थुप्रै बैठक, कार्यक्रमहरुमा उहाँको उत्तिक्कै सक्रिय सहभागिता, सल्लाह प्राप्त भइरहेका थिए । प्रत्येक हप्ताजस्तै हाम्रा कुराकानी भइरहे, खासगरी दाइ आफैले फोन गर्नु हुन्थ्यो । दाइको देहवसान भएको एकदुइदिन पहिले मात्रै पनि दाइसंग कुरा भएको थियो । दाई यस लोकमा नरहनु भएको अकल्पनीय खबर सुन्नासाथ मैले विश्वास गर्न सकिन र सहन गर्न पनि सकिन । त्यस रात म दुखमा डुबिरहें, म बिखण्डित भइरहें । रातभर अमेरिकाका विभिन्न राज्यहरुलगायत विभिन्न देशहरुबाट दाइका बारेमा सोधपुछका लागि फोनहरु आइरहे । ती सबै शुभचिन्तकहरुका अनुसार त्यस हप्ता मात्रै पनि दुर्गा दाइले मसंगजस्तै अरु धेरै जनाहरुसंग सम्पर्क गर्नुभएको रहेछ । शायद उहाँले ती सबैजनासंग विदा माग्नु भएको थियो, जीवनको अन्तिम विदाइ, अन्तिम सम्बाद गर्नुभएको थियो ।

यी अवधिमा दुर्गा दाइसंग धेरै कार्यहरुमा सहकार्य, सल्लाह, छलफल, विचार आदानप्रदान हुन पायो, ती सल्लाह, सुझावका लागि दिवंगत दाइप्रति हृहयतः आभारी छु । एक समाज सुधारक, साहित्यप्रेमी, स्पष्ट वक्ता, अनेसासका शुभचिन्तक र मेरा नजिकका आदरणीय दाइलाई सदाका लागि गुमाउनु पर्दा हामी सबैलाई गहिरो दुख लागेको छ, यसैयसै उदास बनाएको छ । दाइको हृदय र आत्माले शान्ति पाउन सकोस्, आदरणीय दाइप्रति हार्दिक श्रद्धासुमन !

# डा दुर्गा दाहालको सम्झनामा केहि शब्दहरु

डा. दुर्गा दाहाल अब यो संसारमा हुनु हुन्न केवल सम्झना मात्रै, मेरो उहासंग छोटो तर स्तरीय सम्बन्ध रहेको थियो। यसै बीचमा डा. दाहालले करिब दुई वर्ष अगाडी मेरो बारेमा यौटा स्टाटस आफ्नो फेसबूकमा कोर्नुभएको थियो, जस्ताको तेस्तै यहाँ प्रस्तुत गरेको छु।

मैले उहाँको नाम मनग्गे सुनेको थिएँ तर साक्षात्कार हुने मौका पाएको थिईन । हामी एउटा राष्ट्रीय संगठनमा पनि संगै थियौँ र कन्फ्रेन्सकलमा उहाँको बोली पनि सुन्ने गर्थौँ र पूर्वानुमान पनि लगाएको थिएँ । मेरो अनुमानमा उहाँ एउटा वृद्ध बुद्धिजीवी, भद्र मानिस तर अन्तरमुखी र थौरै बोल्ने व्यक्ति हुनुहुन्छ होला जस्तो लाग्थ्यो ।

मेरो अनुमानभन्दा ठ्याक्कै विपरीत भएर पहिलो पटक उहाँ मेरो सामुन्ने झुल्किनु भयो गत वर्षको Nepali National Convention शिकागोमा । मेरो र उहाँको पहिलो मीठो साक्षात्कार शिकागो राष्ट्रीय सम्मेलमा भयो ।

उहाँ त निकै हँसिलो, फुर्तिलो, मिजासिलो र फरासिलो व्यक्तित्व पो हुनुहुँदो रहेछ । म दंग परेँ । अत्यन्त खुशी लाग्यो उहाँसंग भेट भएर र तीन दिनसम्म संगै बसियो, विचार र दर्शनका कुराहरू पनि भए र हाम्रो दोस्ती अहिले आएर जमेको छ ।

मैले यहाँ चिनाउन खोजेको नाम हो: स्वनामधन्य प्राध्यापक डा. Tulsi Dharel को । उहाँ पेशाले प्राध्यापक भएता पनि सेवाले बहुमुखी व्यक्तित्वको धनी हुनुहुन्छ । साहित्य, संस्कृति, दर्शन, मनोविज्ञान, समाजसेवा लगायत विभिन्न विधा र क्षेत्रमा दखल राख्ने उहाँ हामी प्रवासी नेपालीहरूका लागि उदाहरणीय र अनुकरणीय व्यक्तित्व हुनुहुन्छ । साराँशमा भन्ने हो भने: विदेशमा बस्ने नेपालीहरूका लागि डा. धरेल गौरव र ख्यातिको पात्र हुनुहुन्छ र विदेशी भूममा पनि उहाँको विशिष्ट योगदान रहँदै आएको छ

यो प्रसङ्ग २०१९ मा मेरो छनोट "उत्कृस्ट क्यानाडीएन आप्रबासी" हुने दौडमा थियो। र त्यो पुरस्कारपनि पाईयो डा. दाहाल लगायत धेरै साथीहरुको सहयोग र शुभकामनाबाट।

तर के गर्ने दैबको लिला, डा. दाहाल आज हाम्रो सामु हुनुहुन्न केवल सम्झना मात्रै।



## डा. तुलसी धरेल

<u>समर्पणमा यौटा कविता !!</u>

यौटा याद माथिबाट तपाईलाई आउदो हो
केहि राम्रो बातहरु भनु भनु हुदो हो
धेरै भन्न खोज्नु हुन्थ्यो, छिटै जानु रैछर पो
दिएनौ हाम्ले बोल्न धेरै, ऐले पछुतो हुदो हो
थाहै नदिई छिटैनै गगन तिर लाग्नु भो
घर मात्रै होईन यहाँ सबलाई एक्लै पार्नु भो !!



# ए.एन.ए का पश्चिम क्षेत्रीय उपाध्यक्ष डा. दुर्गा दाहालको स्मृतिमा



**तिर्थ पाण्डेय**
बाल्टिमोर, मेरिल्याण्ड

दुइथोप आशु श्रद्धा को फुल समर्पण गर्दछु !
धन्य हौ तिमि हे डा. दुर्गा पाउमा पर्दछु!!

अपार माया नेपाली मन स्वागत छ दैछ !
बैकुण्ठ यात्रा उज्यालो बनोस बेदना हुदै छ !!

भरि छ माया मन मा यहा थोरै बेर हासेनी !
ताजगी याद आखा को नानी सरिर नासेनी !!

के लेखु मैले बेदना यहा सुन्दैन काल ले!
रुआओ आज नेपाली आगन त्यो माया जालले !!


सालिन तिमि बौद्धिक आहा पियारो मनको !
सधै नै अब अमर रह्यो नेपाली जन को !!

२०१९ जुलाई ६ का दिन, नेपाली राष्ट्रिय सम्मेलन, बाल्टिमोर मा डा. दुर्गा दाहाल साब संग भेटगर्ने मौका मिल्यो, त्यो पछि करिब तिन दिन जति हामी संगै बसियो ! बाल्टिमोर बाट डी. सी. का लागि हामी हरु राधेस्यम जी पदम जी दुर्गा जी र म हिडे ,स्व दुर्गा दाई ले सोधे तिर्थ बाबु मन्द बोलि मा दम हुन्छ है, हास्दै थपे धेरै न हास- मैले बिस्तारै गाडी को ब्रेक थिचे ,जीवन का रमणीय यादहरु सुनाउदै यात्रा निरन्तर---- सायद भगवान्ले खुसीको पल सोध्यो भने मेरो यात्रा को यदगर श्रेष्ठ पल यहि हो ! डा. दुर्गा दाई प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ,शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ती प्रदान होस भनि भगवान संग प्रार्थनिय छौ
तिर्थ पाण्डेय
बाल्टिमोर ,



*महाबाणिज्य दूत प्रेमराजा महतको निमन्त्रणामा बाल्टिमोरमा ए.एन.ए. टीम संग डा. दाहाल*

# Prof. Dr. Durga Dahal: A Tribute in Words



**Mohan Sitoula**
Austin, TX

When I received a call from Sarvagya Wagle Bhai, about the most tragic passing away of one of my very few bosom friends, Prof. Dr. Durga Dahal, it came to me, unlike his other previous calls, like a bolt from the blue. At that time, I was in my bedroom and I was extremely shocked. I sank down in the chair with my mobile phone at my grip. I was looking at the stubborn wall speculating about Durga ji and our plans, then about this mortal life full of dust!

A handsome young man, with a lovely gesture, smile in face, having passion for warm friendship Dr, Durga Dahal was one of my best friends!

I first met him in Perth, a growing major city of Western South point of Australia, some three years ago when many of us had assembled to attend an international program of INLS. Once we met at first at the dining hall we were always together during the morning walks in the sea beaches, stays, dinners and the evening trips around. On the second day, having finished his talk and poetic presentation, when he came to seat near me relaxed at the far back, he told me that he too wanted to put up an INLS award in his parent's name. I informed him about the other previous quite a few awards. That evening before the closing of the program for the day, he asked for 'a small time' as he told, then declared the award of the biggest amount until that time.

After that, back in the USA, we had frequent phone calls and talked about INLS, Nepal and other various matters of interest.

Then again, we met in New Hampshire for the same INLS meet. There too our whereabouts were the same. There during the program, an INLS trusty participant and Ram Lama INLS award sponsor Mr.Ram Lama Abinashi took a friendly concern on behalf of Dr. Dahal, and told me that the award Dr. Dahal had announced in Australia should be formalized there, and no late. I told the same to the Chairperson. And Dr. Dahal was invited to the podium, he gave a short speech which was imbued with serenity and deep thoughts, sense of organizational pride and support along with of course, personal modesty- all out of his personal nobility and talent. Then the MOE was done there as Basudev-Malati INLS award.

Then in London, we five – Dr. Dahal and his better half, me and my better half along with our Bhanja Devraj Sedhain, a resident of London - roamed all day long around London. During those unforgettable long hours, we were cutting some jokes, took stakes in a few plays on the way and he was all the time suggesting me to jot down the important events, dates and sights. We had lots of fun there.

In Nov 2020 Mr. Lil Bahadur Chhetree, one of the very few living great and widely renowned Nepalese littérateurs from Assam (India) was very highly and prestigiously honored by the Basudev -Malati INLS award.

Then we had a plan to go to Japan for the next INLS program. But somehow, he could not make it as he was invited earlier to Nepal for a few presentations by himself and honors to be given to him. After Japan I went to Nepal and was busy to go to the west and east of Nepal for a few programs.

When I was in Jhapa we were in frequent contacts and when I came back to KTM at Chabahal (Chabel), I invited him for a dinner and a night stay at mine. He told me to visit him instead, as soon as possible, as he was ill, and would like to talk some. After a few days, I went with my youngest son. It was a surprisingly shocking event there - very new to me all my life so far - unexpected at all. I knew for long that he had sugar and earlier in Kathmandu, I was told that he was wounded in leg. Just that much! I went inside his room, had gossips over a cup of tea. Then I wanted to see his wound. He told fondly may not be that necessary. I was anxious to see and saw his left leg covered by a quilt and stretched on the side of the window of his cot. All of a sudden, I bounced back like a ball bumped hard against a wall. I cannot say more than this now…. ! But he was smiling with his usual serene facial gesture. I was so serious and mute that I could not talk at all for a few minutes. Then I settled myself, talked about his accident, treatment etc. his and my writings, miscellanies about Nepal, chats with the family people. Then we had good lunch, gave him some of my books and came back home, of course, with a heavy mind as well as a heavy bag with his many books.

After that too, we met in two literary talks organized for him by Radheshyam ji and others. After those programs I was much more settled about him, anyway.

Back in the States during these days we were talking over the phone calls and planning to enhance the Nepalese cause of language, literature and cultures worldwide on the one

hand and other languages and cultures of Nepal, on the other.

A sharp critical mind imbued with vast studies, enriched with wide ranges of experiences and deep thoughts, he was a very good commentator with useful, thoughtful and fearlessly bold expressions!

A patriot by uncompromising sentiment, he had precious self -confident and had an amicable pride of self- respect. Dr. Dahal was a lover of liberty and a fighter for freedom and above all, a thinker about democracy. He was always respectful of others' opinions too, which made him lovelier in relations and always receiving by and to all.

He was out and out a creative mind already having published a poetic collection in Nepali *Anubhavaka Anubhutiharu (Realization of Experiences)* and another in English - *Sensations of Soul* - in press! Apart from this, a separate book can be published out of the collection of his varied articles, commentaries and other usual written expressions.

He was a lover of organizations and supported them meaningfully with mind and matters!

A detail study of his poetic fervor, the length and breadth of his creative approaches and their universal appeal etc. as found in his Nepali and English anthologies 'A*nubhavaka Anubhutiharu'* and *'Sensations of Soul'* (in press) respectively will have to be dealt with separately including his miscellaneous articles published variously.

Yes, Durga! Like all mortals you too were made of dust! But I will not forget your profound personality full of flowers of this mother earth and their sweet and heavenly fragrance in and out of your being! There was an awakening consciousness in your soundly burning divine soul!

Oh! Durga! I missed you so sorrowfully! Such a multitude number of the Nepalese are in great painful loss from your untimely passing away! Of course, it is a kind of emptiness in me! All this loss and emptiness may or may not be recovered!

I appeal to all concerned to jointly work together to fulfill his organizational, social, national, humanitarian and other universal wishes.

I express my deepfelt condolence to the bereaved family members! I pray for eternal peace to your departed soul, Oh Dear Durga!

All Bida Durga ji !

Mohan Sitoula
Austin, TX USA
Jan 28, 2021
Magh 15, 2077 BS



# "पहिलो भेट नै अन्तिम भेट"



शारदा पाठक 'केवल'

संस्मरण:

डाक्टर दुर्गा दाहालसँग हाम्रो परिवारको भेट यात्रामा भएको हो, म मेरो श्रीमान र छोरीसँग । सन २०१८ मा न्यूह्यामसायर कन्कडमा साहित्यिक सँस्थाहरुको अन्तर्राष्ट्रिय गोष्ठी थियो। म ह्युस्टन च्याप्टरको प्रतिनिधित्व गरेर सहभागी हुनगएको थिएँ। वोस्टनबाट साहित्यकार महेश्वर पन्तज्यूले हामीलाई पिकअप गर्नु भएको थियो । वोस्टनकै एउटा घरबाट डा. दाहाल र उहाँका साथीहरुलाई महेश्वरजीले त्यही कारमा राख्नु भयो। हाम्रो परिचय भयो। उहाँहरु क्यालिफोर्निया च्याप्टरहरुको प्रतिनिधित्व गर्दै हुनुहुन्थ्यो|

परिचय कुराकानी आदि हुँदै गर्दा उहाँको सरल पन्, स्पष्ट पन र बेजोड महानता झल्किरहेको महशुस गर्थें म । छोरी भिजिट भिसामा थिइ त्यतिखेर । कुनै तरिका अप्नाएर यतै बस्ने किन जाने? सन्सारका मान्छेहरु यही अमेरिकामा हाम्फाल्छन भन्नुभयो।

कार्यक्रममा उहाँको सक्रिय सहभागिता देखिन्थ्यो। उहाँले नाचेको अहिले पनि झल्झली याद आउँछ। सबैसंग चिनजान गर्ने, सबैलाई आफ्नो ठान्ने र मनैबाट सरसल्लाह दिने उहाँको विशेष क्षमता थियो।

फेसबुकको नमस्कार आदान प्रदान बाहेक दोस्रो पटक उहासंग अनेसासको चुनाबमा भोट हाल्ने बारेमा लामै छलफल भयो हाम्रो। मैले हाल्ने भोटको लिष्ट र उहाँले हाल्ने भोटको लिष्ट आदान प्रदान भयो। मेरो आफ्नै साथी र नातेदार बाहेक अरु लिष्टका नामहरुमा समानता थियो। यसरी अरुको मनको कुरा खोल्न सक्नु हुन्थ्यो उहाँ।

तेश्रो पटक म्यासेज पठाउनु भयो र फोन गर्नु भयो। मेरो छोरा र छोरीको बारेमा सोध्नु भयो। छोरोको आफ्नै पेशा र छोरी बिद्यार्थी भएको कुरा सुनाएँ। छोरीको लागि राम्रो राम्रो कुल घरानाका केटाहरु छन् बिबाहको बिचार के छ भन्दै हुनुहुन्थ्यो। पढाइ नसकिकन बिबाहको कुरा ननिकाल्ने बिषयमा हामी बचनबद्द छौं सर भनें।

चौथो पटकको कुराकानीमा उहाँले फेरि बिबाहको कुरा निकाल्नु भयो मैले मेमा सकिन्छ पढाइ भनें। अनि कोहो र केटा सर भनेर पनि सोधें। उहाँले एउटा त मेरै छोरा छ भन्नु भयो। ए भनेर म चुप लागें।

आज उहाँ हुनुहुन्न। उहाँलाई म कसरी श्रध्दाञ्जली दिउँ ? उहाँले यी माथिका बार्तालापहरु आत्मैबाट गर्नुभएको हो र सम्बन्धित पक्षहरु पनि मन्जुर हुन्छन भने म पनि यो सम्बन्ध स्वीकार गर्न तयार छु स्व: डाक्टर दुर्गा दाहालको लागि।

मान्छेहरु जन्मन्छन मर्छन। तर हजुरको मरण बिशेष रह्यो। मैले श्रद्धाञ्जली लेखिन फेसबुकमा, लेख्न निक्कै कठिन भयो। कुनै मान्छेसंगको एकै पटकको भेट अन्तिम र यति अबिश्मरणिय भएको सायदै सुन्न पाइएला। जुन म अहिले भोगी रहेको छु। हार्दिक श्रध्दाञ्जली डाक्टर दाहाल !!!



# स्वर्गीय कविको छवि

"हरेक बिहानीमा एउटा दिन गर्भस्थ हुन्छ
दिन कस्तोहुन्छ भिहानीलेनै भन्छ
सकारत्मकताले मन प्रफुल्ल र आशावादी बन्छ
नकारत्मकताले नवविचारको भ्रूण मर्छ"।



**तीर्थराज अधिकारी**
ओहायो, संयुक्त राज्य अमेरिका

यस्तै भाव बोकेका ६० वटा लुङको झुतो "अनुभवका अनुभूतिहरु" विद्युतीय माध्यमबाट केही समय पहिले मलाई प्राप्त भएको थियो। हुनत यो कविता संग्रह २०७६ माघ महिनामै काठमाण्डुमा सार्वजनिक भैसकेको हो। यो काव्य संग्रह मेरा एकजना घनिष्ट मित्र प्रा.डा. दुर्गा दाहालज्यूको लामो अनुभव र खारिएको मस्तिष्कको निचोडले जन्मिएको उपज हो।

यस संग्रहको विषयमा पछि म कुनै माध्यममा प्रस्तुत होउँला, यो भन्दा बढि लेख्ने मेरो मनस्थिति छैन। किनभने उहाँ हामीहरुमाँझ हुनुहुन्न अहिले।

आजका साहित्यकार त्यही कुरा लेख्दछन् जुन कुरा पाठकहरुले मन पराउँछन्। धैरै वर्षको अनुभव र संघर्ष पश्चातमात्र यो संभव हुन्छ। यसमा कविले, पाठकलाई संवेदना, मनोरन्जन, वौधिक खुराक, संघर्षशीलता र अर्थपूर्ण सन्देश दिएका छन्। सबैसंग कम्तिमा एउटा कथा लुकेको हुन्छ तर शब्दमा प्रयोग गर्ने क्षमता सबैसंग हुँदैन तापनि कविज्यू यसमा मनोविज्ञानको आधारमा देखा पर्नु भएको छ। साहित्य सामाजिक कुरीतिसंग सामना गर्ने हुनु पर्दछ नकि सार्वजनिक पार्कमा बिकाउने अश्लील साहित्य जस्तो।

वैचारिक रमाइलो मात्र साहित्य कदापि होइन। भाव तत्वको प्रधानताको साथै रस तत्व कविताको आत्मा हो। कविता हृदयमा संकलित भावना, विचार तथा संवेदनाको निचोड हो। यस्तै निचोडको फल संग्रहमा समेटिएका कविता मध्य अर्थ"मा उत्साह र प्रेरणा, "अनुभव"मा कर्ममा जोड र "फूल चुड्नु हुन्न"मा मानवता "अदृश्य शक्ति"मा मानवीय संवेदना, "तुलसी"मा सर्व हिताय, सर्व सुखाय, जीवनको वाद र यथार्थ झल्किएको छ । सबै कविताहरु सत्वपूर्ण छन्। अविरल प्रवाहित होस कवि कलमको मसी! स्वर्गमा सुनौला अक्षर लेख्ने कलम-मसी रहेनछ भने हामी यसको जोहो गर्नेछौं।

उहाँ सितको मेरो परिचय धैरै पुरानो होइन। सेप्टेम्वर ९-१० सन २०१७मा अस्ट्रेलियाको पर्थमा पाँचौ अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनको अवसरमा पहिलो पटक भेट भएको हो। त्यही बखतदेखि



गहिरो मित्रता कायम रह्यो। उहासित मेरो विचार, व्यवहार, एक अर्कोसंग पेश हुने शैली र धारणामा असाध्य मेलखायो र घनिष्ठता निकट हुँदैगयो। हप्तामा २-३ पटक आपसमा कुरा नभएको कुनै हप्ता रहेन। उहाँ स्वर्गलोक प्रस्थान गर्नु भएको अघिल्लो दिनको बिहान लामै कुरा भएको थियो। २-३ घण्टा पछि पुन: फोन गर्ने कबुल थियो। फेरि फोन आएन, म पर्खिरहेको छु !

दाहालजी आफ्नो अनुपम गुणले गर्दा नेपाली सामाजिक सन्जालमा विश्वभर लोकप्रिय हुनुहुन्थ्यो। नेपाली, हिन्दी, बङ्गाली र अंग्रेजी भाषा धाराप्रवाह बोल्ने दाहालज्यूको भाषिक सौन्दर्य विलक्षण गुणले सजिसजाउ थियो। उहाँको वाणी यसकारण पनि प्रभावकारी थियो कि उहाँ जे बोल्नुहुन्थ्यो, हृदयबाटै बोल्नुहुन्थ्यो। यही छविले गर्दा उनको पार्थिव शरीर यस लोकमा नरहे पनि उहाँ जीवित हुनुहुन्छ।

विरासतमा उहाँसित एउटा सनो परिवार थियो तर सामाजिक सकृयता विद्यामान सद्गुण र स्प्रष्टवादिता जस्ता अद्वितीय गुणले गर्दा ठूलो महापरिवार निर्माण गर्नु भएको थियो। नेपाल, भारत, अमेरिका लगायत विश्वका हरेक क्षेत्रका सकृय व्यक्तित्वहरुसंग उहाँको गहिरो संपर्क तथा उठबस तियो। उहाँले आफ्नो विचारको आग्रह कहिल्यै गर्नु भएन। उहाँ सबै विचार र राजनीतिक दलका नेताहरुसंग समान व्यवहार गर्नु हुन्थ्यो। त्यसैले गर्दा सबैको माझमा सम्मानित पनि हुनुहुन्थ्यो।

साचो बोल्ने अदम्य साहस र शैली दुबै सामर्थ्य युक्त स्वभावका दाहाललाई पद र मर्यदाले कहिल्यै लोभ्याएन। सत्यलाई सुन्दर तवरले अभिव्यक्त गर्ने कला उहासंग मौजुद थियो। सबैले उहाँका कुराहरुमा ध्यान नदिई सुखै थएन। कसैलाई मर्का नपर्ने गरी सत्यलाई उजागर गर्ने शक्तिलेनै कडा रुपमा प्रस्तुत हुँदापनि सबैले उहाँलाई रुचाएकै हुन्थे, सम्मान दिन्थे। उहाँको सानिध्यमा म जति रहें सहजता, आत्मीयता र सहृदयताले म अभिभूत भएको छु।




*नेपाली राष्ट्रिय सम्मेलन २०१९ मा अनेसासको तर्फबाट 'नेपाली साहित्यमा आप्रवासीको भूमिका' कार्यक्रम संचालक- डा. दुर्गा दाहाल*

# केही अपुरा इच्छा र अनुभवका अनुभूतिहरु

एउटी महिला आइन् पीडामा
अनि रुन थालिन्
भनिन् मैले गुमाएँ अनि भेटिन फेरि
मैले सोधेँ— कहाँ के गुमायौ ?
उनी स्तब्ध भइन् र रुन थालिन फेरि
नयनबाट अश्रुका धारा बगाउदै भनिन्
मेरा शान्तिका विरुवाहरु चोरिए
कठै मेरो देशबाट म खेदिएँ सधैभरी
धर्म राजनीति संघीयता र धेरै थरी
मैले पुन सोधेँ
कहाँ हो तिम्रो घर र के हो थर ?
उनले भनिन्
नेपाल हो मेरो घर
बुद्ध जन्मेको भूमि हो
मेरो थर ।



राधिका गुरागाई

२०७६ चैत १८ गतेको एक बिहान,घरको कौसीमा बसेर "मेरो देश वुद्ध र शान्ति " शीर्षकको कविताका यी पंक्तिहरु पढिसकेपछि अनुभवका अनुभूति नामको पढ्दा पढ्दैको पुस्तक हातमै राखेर कविताका भाव र बिम्बभित्रै केही क्षण घोत्लीन पुग्छु । कसैका पनि कविताले अलि ज्यादै मनलाई छोएपछि त्यसलाई वाचन गरी मोवाइलमा रेकर्ड समेत गर्ने तलतलले छोइहाल्छ अचेल मलाई । यो कविताले पनि मनलाई चस्स छोएपछि सो पुस्तकभित्रका थप कविता पढ्न छाडेर यीनै हरफहरु आफ्नै आवाजमा मोवाइलमा रेकर्ड गर्नथाल्छु । त्यसपछि मसँगै बसेर बङ्ला भाषाको मोटो पुस्तक पढिरहनुभएका श्रीमानलाई मेरो वाचन कस्तो भएछ सुन्नुस त, भन्दै सुनाउछु ।

त्यो सुनिसकेपछि उहाँले "लु तुरुन्तै यो वाचन सम्प्रेषण गरिहाल त मेरा भाइलाई, यो सुनेपछि उ पनि सरप्राइज हुनेछ र निकै रमाउनेछ" । मेरा श्रीमानले यसो भनेपछि यस कविताका स्रष्टा अर्थात् मेरा श्रीमान् राजेन्द्र गुरागाईका मितभाइ कवि दुर्गा दाहाललाई उहाँको संग्रहभित्रबाट मैले वाचन गरेको यो कविताको अडियो उसै दिन सम्प्रेषण गरिदिएकी थिएँ । कवि दाहालको संग्रहमाथि विराटनगरमा विमर्श सभा गर्नुपर्छ भन्ने सल्लाह पनि हामी बूढाबूढीले उतिखेरै गर्या र भाइ गोकुल अधिकारीसँग पनि कुन संस्थाको आयोजनामा सो सभा गर्ने भन्ने विषयमा कुराकानी भयो । दुर्गा दाहालको कृतिमाथि विमर्श कार्यक्रमको आयोजना गर्यौं, म यसमा सघाउन तयार छु, कार्यक्रमचैं जगन्नाथ गुरागाई प्रतिष्ठानकै व्यानरमा गर्नुपर्छ है भनी उसले सल्लाह दियो ।

त्यसको भोलिपल्टै मेरा पतिले दुर्गावावुसँग हास्दै र जिस्कदै म्यासेन्जर वार्तामा भनिहाल्नुभयो " तेरो यो कविता संग्रहमाथि विराटनगरमा एउटा विमर्श सभा राख्ने विचार गरेका छौं । मेरी बुढी अध्यक्ष रहेको कवि जगन्नाथ गुरागाई साहित्य प्रतिष्ठानले त्यसको आयोजना गर्छ, कोरोना सकिएपछि विराटनगर आउने कार्यक्रम बनाइहाल् है । "

मेरा पति र दुर्गा दाहालबिच दाजुभाइको सम्बन्ध छ । उहाँहरु बाल्यकालदेखि नै घनिष्ट हुनुहुँदोरहेछ । उसबेला भारतको असममा रहँदा दुर्गाका दाजु रेवती दाहाल र मेरा पति राजेन्द्र गुरागाईविच मितेरी साइनो कसिएपछि असमको बोकाखातमा रहेका दाहाल परिवार र गुरागाई परिवारबिचको सम्बन्ध अत्यन्तै कसिलो भएको रहेछ । म गुरागाई परिवारकी कुलबधु भएर आएदेखि नै असमस्थित गोलाघाट जिल्लाका दाहाल परिवारसँगको यति आत्मीय सम्बन्ध रहेको देखेर छक्क पर्थे । त्यस परिवारका जोकोही असमतिरबाट विराटनगर आउदा उहाँहरुको बसोबास हाम्रै घरमा हुने गर्थ्यो।

दुर्गा दाहालले पनि आफ्ना दाजु रेवती २०७५ सालमा परलोक हुनु भएपछि उहाँका मीत दाजु अर्थात् मेरा पति राजेन्द्र गुरागाईलाई दाजु सरह नै आदर गर्ने गर्नुहुन्थ्यो । यी दुई प्राणीविच आदर र स्नेहको पारस्परिक सम्बन्धले मलाई पनि कवि दुर्गा दाहालकी भाउजू बनाइरह्यो । दुर्गा दाहाललाई मैले साहित्यकार वा कविभन्दा ज्यादा आफ्नो घर परिवारसँग दरिलो आत्मीयता भएका नाता कुटुम्बका पात्रका रुपमा देखिरहेँ,जानिरहेँ अनि हाम्रो परिवारका सदस्यका रुपमा निरन्तर पढिरहेँ ।

पछिल्लो समयमा हामी दुई परिवारबिचको सम्बन्धलाई विभिन्न साहित्यिक गतिविधि र सिर्जना कर्मले अझ कसिलो तुल्याइरहेको थियो । उहाँ विराटनगरमा हाम्रो घरमा आएपछि मेरा पति र उहाँबिच नेपाली भाषाका कवितालाई अंग्रेजी र वंग्ला भाषामा अनुवाद गरी प्रकाशन गर्ने विषयमै धेरै कुराकानी हुनेगर्थ्यो । यस्ता कुराकानीलाई पन्छाउदै उहाँ मेरा कविताहरु हेर्दै त्यसमाथि सूक्ष्म विश्लेषण पनि गर्नुहुन्थ्यो । उहाँबाट केही गहकिला र राम्रा सुझावहरु पाएर मैले मेरा कतिपय कवितालाई केही हदसम्म गुणस्तरीय तुल्याउन सकेको हुँ ।

दुई वर्ष अघि उहाँसँग एउटा साहित्यिक यात्रामा सँगै हुने अवसर समेत मलाई प्राप्त भयो । अनेसासद्वारा दार्जेलिंङमा आयोजित अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा म पनि गएकी थिएँ । त्यस समारोहमा डा. दाहालको प्रस्तुतिलाई नजिकबाट हेर्ने अवसर मैले पहिलोपल्ट पाएकी थिएँ ।

पछिल्लो समय केही नयाँ साहित्यिक क्रियाकलाप गर्ने सम्बन्धमा उहाँसँग सल्लाह भइरहेका थिए । तर ती सबै योजना कार्यान्वयन हुनका लागि कोभिड कहर किनार लाग्दैजानु आवश्यक थियो । अनुभवका अनुभूतिसँगै कवि दुर्गा दाहाललाई विराटनगरको मञ्चमा प्रस्तुत गर्ने तयारी हामी गरिरहेका थियौं । कोभिड कहर पनि कम हुँदैगएका कारण अव यो विमर्श सभा छिटै गर्ने तर्खर हामी गर्दै थियौं । दुर्गावावुले पनि स्थिति सामान्य वन्दैछ अब छिटै नेपाल आउछु र विराटनगरका साहित्यकारहरुबिच देखापर्छु भनिरहनुभएको थियो ।

२०७७ पुष १६ गते पनि उहाँसँग हाम्रो यिनै विषयमा कुराकानी भयो । त्यस दिन




उहाँले यतिबेला केही पारिवारिक कामको चटारोमा छु । त्यो सकेर नेपाल फर्कन्छु अनि सोझै विराटनगर आउछु भन्नुभएको थियो । तर त्यसको ४ दिन पछि अर्थात् पुष २० गते उहाँले यो धराधाम छाड्नुभएको खबर अकस्मात सुनियो । हामीलाई केही क्षण त त्यो खबर पत्याउन पनि गाह्रो भयो । त्यो अप्रिय खबर सुन्न हामीलाई जति गाह्रो भए पनि त्यो सत्य थियो । प्रकृतिको सत्तामा रज्याई त उसैको हुने न हो , हाम्रो के लाग्छ र ।

यो घटनाको केही दिनमै स्रष्टा दुर्गा दाहालप्रति श्रद्धाञ्जली स्वरुप एउटा लेखको अपेक्षा गरेको छु भनी साहित्यकार गोवर्धन पूजाले आग्रह गर्नुभयो । मैले देवरको रुपमा आफ्नै परिवार सरह मान्नेगरेका दुर्गा दाहाललाई विराटनगर बोलाएर आफ्नै अध्यक्षतामा रहेको संस्थाबाट उहाँको कृतिमाथि विमर्श सभा गरौँ भनी योजनाको दाम्लो बाटिरहेको प्रहरमा त्यसको ठीक विपरीत उहाँमाथि श्रद्धासुमनका लेख लेख्नुपर्ने भन्ने साहित्यकार गोवर्धनको अनुरोध मेरा लगि अत्यन्तै अप्रिय भैरहेको छ । गोवर्धनको यो अनुरोधले फेरि एकपटक मन निकै भारी हुन पुग्यो । जे भए पनि अव भने मैले केही लेख्नैपर्ने भयो भनी घोत्लीदैजाँदा एकपटक फेरि सोही कविता जो उहाँलाई वाचन गरेरै पठाएकी थिएँ त्यसतर्फ फर्किएँ र मोवाइलको म्यासेन्जरमा सम्प्रेषण भएको मिति र समय हेरें । स्रष्टा दुर्गा दाहालको भौतिक देह अव नरहे पनि २०२० मार्च ३१ भनी लेखिएको मैले उहाँलाई उहाँकै कविता वाचन गरी सम्प्रेषण गरेको मिति मोवाइलमा सग्लै देखियो ।

त्यसपछि अनुभवका अनुभूति निकालेर बाँकी कविता पढ्न थालें । त्यस संग्रहभित्रका अरु कविताले पनि मनलाई छोयो । मन परेका कविता पहिलेझैँ वाचन गरी मोवाइलमा रेकर्ड पनि गरे । तर अव त्यो रेकर्डलाई दुर्गा बाबु सुन्नुस् त यो वाचन कस्तो भयो भनी लेखेर पठाउने अवस्था रहेन । यसप्रकार दुर्गाबाबुका उक्त कृतिका थोरै कविता उहाँ जिउदो रहँदै पढैँ र शुभकामना भने, धेरै कविताचैँ उहाँको मृत्युपछि पढैँ र सोही पुस्तकको पछाडि रहेको उहाँको तस्बीरमा श्रद्धाञ्जली स्वरुप समर्पण गरेँ ।

मधुमारा विराटनगर ८

२०७७ माघ २०



# डा. दुर्गा दाहालः एक संस्मरण



**डन वहादुर कार्की**
लस एन्जेलस, क्यालिफोर्निया

दैव पनि कति निष्ठुरी हिजो जस्तो लाग्छ स्वर्गीय दुर्गा दाहालसँग पहिलो मेरो भेट भएको ईश्वी १९८२ मा हो । उहाँ भरखरै आसामवाट नेपाल प्रवेश गरी मोरंगको अमरदह मा.वि. मा अंग्रेजी शिक्षक हुनुहुन्थ्यो ! हामी दुवै आसाममा जन्मेकाले हाम्रो मित्रता छिटो र दिगो बन्धनमा पुग्यो ! उहाँले नै अमरदहको दुर्गम क्षेत्रमा पेशागत भविष्य उज्ज्वल हुँदैन भन्दै शहरी क्षेत्रमा आउने विचार राख्नु भयो। तत पश्चात उर्लावारी राधिका मा.वि.मा अंग्रेजी शिक्षकको रूपमा स्थानान्तर भयो। उहाँको शिक्षण निपुणता र फरासिलो व्यक्तित्वले दमक क्याम्पसमा लामो समयसम्म अंग्रेज़ीको प्राध्यापक हुनुभयो। उहाँ एक प्रतिभाशाली व्यक्ति हुनुहुन्थ्यो। शिक्षणको अतिरिक्त उहाँ सामाजिक, राजनीतिक र अन्य सेवामा पनि उतिकै सक्रिय हुनुहुन्थो। राजनीतिक विचारमा नेकाको नजिक हुनाले पार्टीको विस्तार र वर्गीय संगठनको प्रचार र तालिममा उतिकै सक्रिय हुनुहुन्थ्यो। पछि पेशागत हितको लागि काठमांडू जानु भयो र त्यहाँ पनि शैक्षिक, पत्रकार र राजनीतिमा धेरै सक्रिय हुनु भयो। काठमांडूमा नै उहाँले विध्यावारिधी लिएको र पत्रिकारितामा गहन योगदान गरेको पाइन्छ।

हामी दुवै प्रवासी नेपाल हुन्दै अमेरिका जस्तो कर्मभूमिमा पनि ईश्वी २००४ देखी वरावर संम्पर्कमा थियौ। हाम्रो अनेकौ क्षेत्रीय, राष्ट्रीय र अन्तराष्ट्रीय साहित्यिक तथा अन्य सम्मेलनहरूमा हाम्रो भेट हुने गर्थ्यो । साथीभाई र आफ्नो समुदाय भने पछि मरिमेट्ने गर्नु उहाँको बानि थियो । उहाँले वासुदेव-मालती ट्रष्ट गठन गरी वुवा-आमाको नाममा एउटा ठूलो रकमको पुरस्कार प्रत्येक दुई वर्षमा एक साहित्यकारलाई दिने व्यवस्था गर्नु भयो। प्रथम वासुदेव-मालती पुरस्कार प्रवासी वरिष्ठ उपन्यासकार लील वहादुर क्षेत्रीलाई ईश्वी २०१९ मा प्रदान गरी सकेका छन। दुर्गाजीले अन्तिममा पनि प्रवासी नेपाली वाल-वालिकाहरू आफ्नो भाषा र संस्कृति नविर्सिउन भनि अनलाइन नेपाली पाठशालाको योजना गरेका थिए। जसलाई उहाँको परिवारले अगाड़ी वढाउनु हुनेछ। उहाँको अर्को विशेषता आफ्ना साथी-भाईहरू कोही पनि समस्यामा नपरून भन्दै सहयोग गर्ने उत्कट आकांक्षा राखेका थिए !

दुर्गाजीको साहित्यिक र पत्रकार व्यक्तित्व अमेरिकामा अझ सकृय थियो। उहाँका धेरै फुटकर कविताहरू पछि ‘अनुभवका अनुभूतिहरू (ईश्वी २०२०) प्रकासित भएको छ। अरू रचनाहरू सोसल मिडिया र पत्र पत्रिकामा छरपष्ट छन। उहाँ एक निडर र खरो पत्रकार हुनाले नेपालको राजनीति र सामाजिक विषमता प्रति उहाँको मार्मिक र सान्दर्भिक विचार पाइन्छ।

प्रवासमा जन्मेर पनि सधै नेपाल र नेपाली भने पछि मरी मेट्ने उहाँको अत्यन्त देशप्रेमी, राष्ट्रवादी र उदार ह्रदयी स्वभाव थियो । उहाँ अत्यन्त फरासिलो र सहयोगी व्यक्तित्वले गर्दा आज संसार भरी धेरै इष्ट मित्र वनाएर आफ्नो छोटो उमेरमा अन्यलोक जादा कस्को पो मन नरोएको होलॉ। प्रवासमा रहेर सवै नेपालीको प्रगति र समृद्धि चाहनु हुन्थ्यो ! उहाँले अमेरिकाका नेपालीहरूको अनुसंधान वा खोज सम्वन्धी कृति प्रकाशन गर्ने विचार रहेको मलाई भन्नु हुन्थ्यो ! दैवको विडम्बना यस्ता प्रतिभाशाली व्यक्तित्व फेरि पुनर्जन्म होला भन्ने कल्पना पनि गर्न सक्तिन! उहाँको आत्माले चिर शान्ति र सदा सर्वदा वैकुण्ठमा वास पाओस !



# Tribute to Durga Sir



Medini Adhikari
Former President, ANA

Dr. Durga Dahal was a very passionate and multidimensional personality. Born, raised, and schooled in Assam, India he had vast knowledge and exposure to various cultures, caste, and creed. A great teacher in the core, his soul was full of poetry, journalism, and social activities.

I have known him since 1992 when he was an English Lecturer at Damak Multiple Campus, Jhapa and I was running tuition classes here and there as a young boy- just out of intermediate course. The society, campus family and political sectors loved his subtle jokes, immense personality, and polite manner. City took lots of advantages from his social activities for the awareness campaign. Later I met him in the USA after years apart, but we used to share the same public networks. He created a huge public network in the Diaspora and generated a name for himself. I was very proud of him since we have a family relationship.

I was elected ANA president in 2017 and the organization was required to save massive ongoing branding deficit after being the legendary Brand for so long. I started reaching out to bring good people and with good names and fame within the North American Diaspora. Durga Sir (we called him dearly) was one of those names that popped into my head. I called and requested him to join the ANA leadership team. He was shocked, surprised but felt really respected and told me " I cannot deny you" in no time. Then the rest became history. He fulfilled his duty and assignment with due diligence, but I could not communicate as much as I wanted since I was in ANA-revitalization and rebuilding effort during my tenure with him.

We thought one day he may lead all of us- especially the new team as juniors to him and we sought his guidance. He was just a community asset, used to work full time for the community spreading his positive vibes through workshops, poetry, and journalism.

At the end, the diaspora lost a passionate activist, ANA lost a witty family member, the family lost an awesome husband and wonderful father, but we lost a real guidance.

You will be dearly missed dear Durga Sir! May the almighty adore your beautiful soul in Heaven!



अमेरिकाका लागि पूर्व नेपाली राजदूत डा अर्जुन कार्कीको निमंत्रनामा ए.एन.ए. परिवार संग डा. दाहाल
वार्शिंगटन डी.सी. दूतावासमा

## ANA Executive Committee (2020)

***President*** - Bijay Raj Bhattarai, TX

***Senior Vice President*** - Bijaya Shrestha, MD

***Regional Vice Presidents***

- ***Canada Region***- Dr. Tulasi Dharel, Canada
- ***Eastern Region*** - Shailendra Khatri, NC
- ***Central Region*** - Thala Raj Pant, TX
- ***Western Region*** - Bhakta Thapa, CA

***General Secretary*** - Dr. Choodamani Khanal, FL

***Treasurer*** - Dr. Usha Sharma, MA

***Communication Director*** - Satish Tripathi, TX

***Women Coordinator*** - Dr. Pragati Ghimire Aryal, FL

***Youth Coordinator***- Laxman Pradhan, MD

***Joint Secretary*** - Binaya Gautam, Canada

***Deputy Treasurer*** - Radhakrishna Dhamala, VA

***Executive Members:***

Rajendra Khatiwada, IL
Arun Rupakheti, VA
Binod Tripathi, CO
Kishor Sapkota, KY
Rajendra Wagle, TX
Dr. Tika Lamsal, CA
Krishna Kusum, NJ
Samita Rai, FL
Dhruw K Jha, CA
Keshab Gyawali, TX
Nijananda Malla, FL
Rokesh Gurung, NY
Dr. Bishnu Ghimire, MD
Raju Joshee, MD
Madhav Bastakoti, Canada

*We are on the web*
*www.ANA1983.org*

**Board of Trustees:**
Dr. Shambhu Dhungana, CA– Chair
Dr. Ambika P. Adhikari, AZ
Dr. Kunjar Sharma, Canada
Mr. Roger Adhikari, CA
Mr. Veda Joshi, CA
Mr. Pralhad KC, MA
Mr. Anjan Shrestha, TX
Dr. Bidya Ranjeet, CT
Mr. Khagendra Adhikari, VA

**Former Presidents:**
Dr. Hari Sharma, NY
Dr. Kamal Pathak, NY
Dr. Amar Giri, PA (Late)
Dr. Kunjar Sharma, Canada
Mr. Pramod Sharma, FL
Dr. Shyam Karki, MD
Mr. Krishna Nirola, MD
Mrs. Amrit Tuladhar, AZ
Mr. Naveen Dutta, CO
Mr. Rogar Adhikari, CA
Dr. Shambhu Dhungana, CA
Mr. Medani Adhikari, VA
Mr. Khagendra Adhikari, DC

## अन्तिम पातो (तस्विर आफैं बोल्छ)
















## डा. दुर्गा दाहाल प्रति भावपूर्ण श्रद्धाञ्जली

ANA Sandesh
Publication Committee

